का.जि.प्र.का.द.नं. १००/०५९/६०


२४ असार २०८०,
आइतबार
9 July 2023,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक १६४ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



# सत्तारुढकै शक्ति प्रदर्शन
## नेतृत्वमा आलोपालो

आलोकनगरस्थित नेकपा (एकीकृत समाजवादी)को केन्द्रीय कार्यालयमा शनिबार बसेको मोर्चाको पहिलो बैठकमा मोर्चाको नेतृत्व छ/छ महिनामा नेताहरूले आलोपालो गर्ने समझदारी बनेको हो ।



साउन महिनाभित्र सातै प्रदेशमा आमसभा गर्ने र सोको मिति यही २७ गते अर्को बैठकले कुन प्रदेशमा कस्ता कार्यक्रम गर्ने भन्ने घोषणा गर्नेछ ।

**राजेन्द्र पाण्डे**
**उपाध्यक्ष, एकीकृत समाजवादी**



*बानेश्वरमा शनिबार बसेको समाजवादी मोर्चा नेपालको प्रथम बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" लगायत सहभागीहरु । तस्बिर : प्रदीपराज वन्त/रासस*

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २३ असार ।

समाजवादी मोर्चा नेपालको अध्यक्षमा मोर्चामा आवद्ध दलहरुका अध्यक्षहरु हरेक छ/छ महिनामा आलोपालो रहने भएका छन् ।

आलोकनगरस्थित नेकपा (एकीकृत समाजवादी)को केन्द्रीय कार्यालयमा शनिवार बसेको मोर्चाको पहिलो बैठकमा मोर्चाको नेतृत्व छ/छ महिनामा नेताहरूले आलोपालो गर्ने समझदारी बनेको हो ।

बाँकी विषय आगामी बैठकले टुंगो लगाउने एकीकृत समाजवादीका उपाध्यक्ष राजेन्द्र पाण्डेले जानकारी दिए । भावी रणनीतिबारे आगामी बैठकमार्फत बाहिर ल्याइने उनको भनाइ छ । मोर्चा गठन »» पृष्ठ २ मा

### सातै प्रदेशमा आमसभा

समाजवादी मोर्चा नेपालले सातवटै प्रदेशका राजधानीमा कार्यक्रम गर्ने भएको छ । मोर्चाको सन्देश आम जनतामाझ पुर्याउन यही साउन महिनाभित्रै प्रदेश राजधानीमा कार्यक्रम गर्ने निर्णय गरेको हो ।

एकीकृत समाजवादीका उपाध्यक्ष राजेन्द्र पाण्डेका अनुसार बैठकमा लोकतान्त्रिक समाजवादी आन्दोलनलाई अघि बढाउनेबारे विशेष छलफल भएको र सातै प्रदेशमा केही दिनभित्रै आमसभा गर्ने निर्णय भएको छ । 'साउन महिनाभित्र सातै प्रदेशमा आमसभा गर्ने र सोको मिति यही २७ गते अर्को बैठकले कुन प्रदेशमा कस्ता कार्यक्रम गर्ने भन्ने घोषणा गर्नेछ', उनले भने ।

एकीकृत समाजवादीका अध्यक्ष नेपालको अध्यक्षतामा बसेको बैठकले सातै प्रदेशमा गरिने आमसभाको मिति र आचारसंहिता बनाउन चार सदस्यीय कार्यदल गठन गरेको छ । उक्त कार्यदलले सात प्रदेशमा गरिने कार्यक्रमको मिति र आचारसंहिता तयार गर्ने उपाध्यक्ष »» पृष्ठ २ मा

# 'इगो'को अडान

आफ्नो विवादास्पद अभिव्यक्तिबारे प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले संघीय संसदमा प्रष्टीकरण दिने गठबन्धनले निर्णय गरिसकेको छ । तर एमाले भने प्रधानमन्त्रीको राजीनामा नआएसम्म संसद अवरोध कायमै राख्ने नीतिमा अडिग छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २३ असार ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको राजीनामा माग गर्दै प्रमुख विपक्षी दल नेकपा एमालेले लगातार तीन दिनदेखि संसद अवरुद्ध गर्दै आएको छ। आइतबारको बैठक पनि सहज रुपमा चल्ने वातावरण बनेको छैन ।

सरदार प्रितम सिंहका सन्दर्भमा प्रधानमन्त्री प्रचण्डले दिएको विवादास्पद अभिब्यक्तिलाई लिएर एमालेले राजीनामा मागिरहेको छ । उक्त अभिव्यक्तिको बचाउमा प्रधानमन्त्री प्रचण्ड र नेकपा माओवादी केन्द्रका नेताहरु देखिन्छन् । यसको असर संसदीय कार्यसूचीमा परिरहेको छ ।

प्रधानमन्त्री प्रचण्डले आफूलाई प्रधानमन्त्री बनाउन भारतीय नागरिक सरदार प्रितम सिंह पटक पटक दिल्ली गएको भनी दिएको अभिव्यक्ति एमालेलाई प्रचण्डलाई सत्ताबाट हटाउने अस्त्र भएको महसुस भएको छ । त्यस अनुसार प्रचण्डलाई स्पष्टीकरणको मौका नै नदिएर राजीनामाको मागमा अडिग भएको छ । नेताहरुका अनुसार प्रधानमन्त्रीले दिएको अभिब्यक्तिलाई दिएर एमालेले राजीनामाको एक सुत्रीय माग राख्दै संसद चल्न नदिंदा पनि प्रचण्डले विपक्षी दलको नेतासँग संवाद गरेका छैनन् ।





प्रधानमन्त्रीले राजीनामा दिनुपर्ने भनी एमालेले राखेको माग असंसदीय भएको भन्दै राजीनामा दिनुपर्ने सत्ता गठबन्धनले औपचारिक निर्णय नै गरेको थियो । तर गठबन्धनको यस्तो निर्णय आए पनि प्रमुख सत्तारुढ घटक नेपाली कांग्रेसकै नेताहरु प्रधानमन्त्रीको अभिव्यक्तिप्रति आलोचना गरिरहेका छन् । विराटनगर पुगेका कांग्रेस नेता डा. शेखर कोइरालाले प्रधानमन्त्रीको अभिव्यक्तिले संसदको गरिमा र नेपाली जनतालाई समेत ठेस पुर्‍याएको बताए ।

माओवादी उपाध्यक्ष कृष्णबहादुर महराले विहीबार विज्ञप्ति निकालेर एमालेलाई 'रअ'को एजेन्टदेखि संविधान विघटन गरेको आरोप लगाएका थिए । ओलीले शुक्रबार एक कार्यक्रममा बोल्दै 'रअ'का एजेण्डलाई आफूले भेटेको स्वीकार गरेका छन् । यो सँगै प्रचण्डले हालै गरेको भारत भ्रमणका क्रममा रअका एजेण्डलाई गोप्य रुपमा भेट गरि निमन्त्रण दिएको दाबी गरेका छन् ।

एमालेले लगातार संसद अवरुद्ध गरेपछि प्रधानमन्त्री प्रचण्डले संसदमा प्रष्टीकरण दिने गठबन्धनले निर्णय गरिसकेको छ । तर एमाले भने संसद चल्नै नदिने रणनीतिमा छ ।

नेपालको सरकार नेपालको संसदले बनाउँछ कि बाहिरबाट ? भनेर सांसदहरुले राखेका जिज्ञासाको प्रधानमन्त्रीले जवाफ दिनका लागि पनि संसद चल्न दिनुपर्ने भन्दै राष्ट्रियसभा अध्यक्ष गणेश प्रसाद तिमिल्सिनाले शुक्रबार एमाले सांसदहरुलाई सचेत गराएका थिए । प्रधानमन्त्री प्रचण्डको अभिव्यक्तिप्रति एमाले मात्र नभई अन्य विपक्षी दलहरुले पनि विरोध गरिरहेका छन् ।

### प्रधानमन्त्रीलाई सभामुखले भने- विपक्षीको कुरा सुन्नू



प्रधानमन्त्रीसँग सम्पर्क गरेर तपाईले प्रतिपक्ष दलका नेताहरुलाई बोलाउनुस्, पहल तपाईंले गर्नुपर्ने देखेँ भनेर भनेको छु, प्रमुख प्रतिपक्ष दलका नेतालाई पनि अब तपाई बोलाइएको ठाउँमा जान्न भन्ने, नजाने, बसेर समस्याको समाधान खोज्ने भन्दा पनि राजीनामा माग गर्नुहुन्छ के हो भनेर कुरा गरेको छु ।

**देवराज घिमिरे**
**सभामुख**

संसद खुलाउने विषयमा सभामुख देवराज घिमिरेले पहल जारी राखेका छन् । त्यसक्रममा उनले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र एमाले अध्यक्ष केपी शर्मा ओलीसँग टेलिफोन संवाद गरेका छन् ।

'प्रधानमन्त्रीसँग सम्पर्क गरेर तपाईले प्रतिपक्ष »» पृष्ठ २ मा

# सभामुखसँग असन्तुष्ट रास्वपा

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २३ असार ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले प्रतिनिधिसभाका सभामुख देबराज घिमिरेप्रति असन्तुष्टि जनाएका छन् । बुटवल पुगेका सभापति लामिछानेले सभामुख घिमिरेको भूमिकाकै कारण मिटरब्याज सम्बन्धी अध्यादेशलाई प्रतिस्थापन गर्न ल्याएको विधयेक निष्कृय हुन पुगेको बताए ।

सरकारसँग समेत असन्तुष्ट देखिएका सभापति लामिछानेले २० असारमा आफ्नो कारणले मिटरब्याज सम्बन्धी अध्यादेश निष्कृय नभएको प्रष्टोक्ति दिए । तर अध्यादेश पारित भइसक्नुपर्ने अन्तिम (६० दिनभित्र पारित हुनपर्ने व्यवस्था छ) मात्रै सरकारले प्रतिनिधिसभामा पेश गरेको र सभामुख घिमिरेको भूमिका राम्रा नहुँदा पारित हुन नसकेको उनको भनाइ थियो ।

त्यसदिन एमालेले प्रधानमन्त्रीको राजीनामा मागेपछि संसद चल्न सकेको थिएन । तर सभामुख घिमिरेले एमाले नेता रघुजी पन्तलाई बोल्न दिएपछि रास्वपा, राप्रपा लगायतलाई समय नदिइ बैठक अगाडि बढाउन खोजेका थिए । »» पृष्ठ २ मा



यो कुरा एमालेले बुझ्नुपर्छ । प्रधानमन्त्रीको राजीनामा माग्दा विकल्प दिनुपर्छ नत्र राजीनामा माग्न हुँदैन ।

**मुकुल ढकाल**
महामन्त्री, रास्वपा

## वैदेशिक रोजगार विशेष

# अटोमेसन तालिम सम्पन्न, करिब १४ सय सहभागी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ असार

वैदेशिक रोजगार कार्यालय ताहाचलले अर्को हप्तादेखि शुरुवात गर्ने श्रम स्वीकृतिमा प्रविधिको प्रयोग र स्वचालित प्रणाली अर्थात अटोमेसनको सम्पूर्ण तयारी पूरा भएको बताएको छ। नेपाल वैदेशिक रोजगार व्यवसायी संघको सहयोगमा वैदेशिक रोजगार विभागले सञ्चालन गरेको तीनदिने स्वचालित प्रणाली अर्थात अटोमेसन प्रशिक्षण तालिमको शनिबार समापन गर्दै वैदेशिक रोजगार कार्यालय ताहाचलकी प्रमुख पार्वती खड्काले उक्त जानकारी दिएकी हुन् ।

उनले अटोमेसन प्रणाली आगामी साउन एक गतेदेखि लागू हुने भएपनि विभागले वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली लागू गरेदेखि नै श्रम स्वीकृति प्रविधिमा आधारित भएको भन्दै अटोमेसन प्रणाली इमानदारिताका



साथ सञ्चालन गर्न वैदेशिक रोजगार व्यवसायीहरुलाई आग्रह गरिन् ।

विभागले अटोमेसन वैदेशिक रोजगारका क्षेत्रमा नयाँ युगको शुरूवात भएको बताएको छ। विभागले बुधबारदेखि वैदेशिक रोजगार व्यवसायी र व्यवसायीका कर्मचारीलाई त्यसबारेमा प्रशिक्षण दिन शुरू गरेको थियो । संघका सचिव कर्णराज कटुवालले प्रशिक्षणमा वैदेशिक रोजगार व्यवसायी र उनीहरूका कर्मचारी गरी १ हजार ४ सय जना सहभागी रहेको जानकारी दिए । केही व्यवसायी विविध कारणले प्रशिक्षणमा सहभागी हुन नपाएको भएपनि ९० प्रतिशतभन्दा बढी व्यवसायी प्रशिक्षणमा उपस्थित भएको भन्दै सचिव कटुवालले विभागले लागू गर्न लागेको अटोमेसन श्रम स्वीकतिबारे व्यवसायीमा रहेको अलमल र अन्योल समाप्त भएको बताए ।

अटोमेसन सञ्चालनमा आएपछि व्यवसायी आफैंले विभागको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस)मा मागपत्र, अन्तर्वार्ता मिति र कामदारको छनोट सूची अपलोड गरेर व्यवसायी वा व्यवसायीका कर्मचारीले अन्तिम श्रम स्वीकृति निकाल्न सक्ने विभागले बताएको छ ।

विभागले श्रम स्वीकृतिको सबै अधिकार व्यवसायीलाई दिने र गलत गरेमा लाइसेन्स खारेजीसम्मको कारबाही गर्ने बताएको छ । अटोमेसन प्रणाली कार्यान्वयनमा आएपछि पूर्व र अन्तिम श्रम स्वीकृतिका लागि फाइल बोकेर म्यानपावर कम्पनीका सञ्चालक वैदेशिक रोजगार कार्यालयहरूमा जानुनपर्ने विभागको भनाइ छ । »» पृष्ठ २ मा

## विज्ञापन रकम भुक्तानीबारे अत्यन्त जरूरी सूचना

यस मध्यान्ह राष्ट्रिय दैनिकमा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएकाहरू मध्ये केही विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम अझै नबुझाउनु भएकोले यही **मिति २०८० असार मसान्त**भित्र भुक्तानी गर्नुहुन सूचित गरिन्छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस मध्यान्ह राष्ट्रिय दैनिक**को** रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको छुट सुविधासमेत उपलब्ध नगराइने तथा **रकम भुक्तानी नगर्ने केही विज्ञापन एजेन्सी/कम्पनी/संस्था/व्यक्तिहरुको नाम सार्वजनिक** गरी रकम भुक्तानीका लागि कानूनबमोजिम कारबाही अगाडी बढाइने व्यहोरासमेत यसै सार्वजनिक सूचनामार्फत जानकारी गराइन्छ ।

**लेखा शाखा**

मध्यान्ह
राष्ट्रिय दैनिक

कमलपोखरी, काठमाडौं । फोन नं.: ०१-५३२८२९८, ५३२६३६६
**Email: madhyanhadaily59@gmail.com**
**ad.madhyanha@gmail.com**



पानी परेपछि निकास नपाउँदा जलमग्न भएको उदयपुर गाईघाटको पिपल चोकदेखि बोक्से जाने बाटोको बस्ती ।

तस्बिर- बिन्द्र राई/मध्यान्ह

# आधारभूत पत्रकारिता तालिम सम्पन्न




**रौतहट/मस**–रौतहटको कटहरियामा आधारभूत पत्रकारिता तालिम सम्पन्न भएको छ। पत्रकारितामा महिला सहभागीता बढाउने उदेश्यले आयोजना गरिएको पाँच दिने आधार भूत पत्रकारिता तालिम शनिबार सम्पन्न भएको हो ।

लालबकैया मिडिया प्रा.लि.को आयोजना तथा कटहरिया नगरपालिकाको सहयोगमा तालिम आयोजना गरिएको हो । लालबकैया मिडिया प्रा.लि.का अध्यक्ष युवराज झाको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथिको रूपमा कटहरिया बहुमुखी क्याम्पसका प्रमुख गजेन्द्र प्रसाद यादव रहेका थिए ।

तालिम समापन कार्यक्रममा प्रशिक्षक एवम् नेपाल पत्रकार महासंघ रौतहटका अध्यक्ष प्रेमचन्द्र झा, कटहरिया नगरपालिकाका प्रेस सल्लाहकार प्रकाश श्रेष्ठ र प्रेस मञ्चका रौतहट अध्यक्ष किशोरी यादवले तालिममा सिकेका बुँदाहरूलाई व्यवहारमा लागू गर्न सुझाव दिएका थिए । उनीहरुले पत्रकारिता पेसामा दक्षता हासिल गर्न तालिममा सिकेका विषय महत्वपूर्ण हुने बताएका थिए ।

महासंघ रौतहटका अध्यक्ष झाले जिल्लाको पत्रकारितामा महिला सहभागीता बढ्ने विश्वास व्यक्त गरे । तालिमका सहभागीहरूले तालिम फलदायी भएकोले पत्रकारितालाई व्यवहारमा उतार्न सहयोग पुग्ने प्रतिक्रिया दिए ।

कार्यक्रमको प्रमुख अतिथि यादवले पत्रकारिता चौथो आँखाका रुपमा रहेको र समाजको वास्तविक सत्य तथ्यलाई उजागर गर्नपर्ने यसको मूल मर्म भएको हुँदा विशेषगरी यसतर्फ तालिम समापनपछि पत्रकारिता गर्दा सबैको ध्यान दिन आवश्यक रहेको बताए। साथै उनले विद्यार्थीहरूले हाले भने कटहरिया बहुमुखी क्याम्पसमा पत्रकारिता अध्यापन शुरु हुन सक्ने बताए । यसका लागि कम्तीमा १० विद्यार्थीहरू आवश्यक पर्ने प्रष्ट पारे ।

सो पत्रकारिता तालिममा कटहरिया नगरभरीका १० जना पुरूष र ४० जना महिला गरी करिब ५० जनाको सहभागिता रहेको आयोजक संस्थाका अध्यक्ष झाले बताए । तालिम समापन पछि सहभागीहरूलाई प्रमाणपत्र प्रदान गरिएको थियो ।

# लागुऔषध दुर्व्यसनविरुद्ध जनचेतनामूलक कार्यक्रम

**राजेन्द्र महतो/मध्यान्ह**
सिराहा, २३ असार

सिराहामा लागुऔषध दुर्व्यसन तथा अवैध ओसार पसारविरुद्ध जनचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ ।

समुदाय-प्रहरी साझेदारी कार्यक्रमको अवधारणा अनुरुप प्रहरी चौकी सितापुर सिराहाले लक्ष्मीपुरपतारी गाउँपालिका वडा नं.६ मा रहेको रमा महन्थी यादव जनता माध्यमिक विद्यालयमा जनचेतनामूलक कार्यक्रम सम्पन्न गरेको हो ।



विद्यालयका प्रधानाध्यापक विद्यानन्द यादवको अध्यक्षतामा सम्पन्न 'प्रहरी-विद्यालय सम्पर्क कार्यक्रम'मा प्रहरी चौकी सितापुर सिरहाका प्रहरी सहायक निरीक्षक मनोज साह सोनार तथा प्रहरी कर्मचारीहरु, विद्यालयका शिक्षक/शिक्षिका तथा छात्र/छात्राहरुको उपस्थिति रहेको थियो ।

## बढ्न थाल्यो अपराधका घटना

# मुद्दा दर्ता र पक्राउ पर्नेको संख्या ११ प्रतिशतले वृद्धि

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ असार

नेपालमा पछिल्लो समय अपराधका घटना बढ्न थालेको पाइएको छ। गत वर्षको चैतदेखि असारसम्म तीन महिनाको तुलनामा यस वर्षको सोही अवधिमा अपराधका घटना बढेको हो । नेपाल प्रहरीको तथ्यांक अनुसार मुद्दा दर्ता ११ प्रतिशतले बढेको छ। यस्तै पक्राउ पर्नेको संख्या पनि ११ दशमलव २२ प्रतिशतले बढेको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

नेपाल प्रहरीका प्रवक्ता एवम् प्रहरी नायब महानिरीक्षक कुबेर कडायतका अनुसार साइबर अपराधका मुद्दामा सबैभन्दा बढी उजुरी परेको छ। अघिल्लो तीन महिनाको तुलना गर्दा बैंकिङ कसुरका मुद्दा दोब्बरले बढेको छ । उनका अनुसार प्राप्त विवरणमा गत वर्षको तीन महिनामा एक हजार आठ सयको हाराहारीमा बैंकिङ कसुरका मुद्दा दर्ता भएकामा यस वर्ष त्यो संख्या बढेर तीन हजार पाँच सयभन्दा बढी छन् ।



प्रहरीका अनुसार यस अवधिमा कूल तीन हजार पाँच सय ६२ जना फरार अपराधीलाई पक्राउ गरिएको छ । उनीहरुबाट एक हजार आठ सय ७० वर्ष १० महिना २५ दिन कैद असुल गरिएको छ भने तोकिएको ३० करोड ३८ लाख १६ हजार रकम असुल गर्नपर्ने देखिएको प्रहरी प्रवक्ता कडायतले बताए। उनका अनुसार उक्त अवधिमा गाँजा मात्रै छ हजार नौ सय ६१ किलो, चरेस एक सय ७९ किलो, खैरो हेरोइन चार किलो २५ ग्राम र अफिम चार किलो ९८ ग्राम बरामद गरिएको छ। लागुऔषध ब्यूरोको विशेष अपरेसनमा रात्रिकालीन क्लबहरुमा गरिएको विशेष अपरेसनमा पाँच विदेशीसहित ११ जनालाई पक्राउ गरिएको छ ।

प्रहरीले दिएको जानकारीअनुसार सहकारी ठगीका विषयमा प्रहरीले केही व्यक्तिलाई पक्राउ गरी कानूनी दायरामा ल्याएको छ। शिवशिखर बहुउद्देश्यीय सहकारी र तुलसी बहुमुखी सहकारीका शाखा कार्यालयहरुबाट एक लाख ८९ हजार आठ सय ७९ निक्षेपकर्ताहरुको रू १२ अर्ब २३ करोड ५१ लाख रकम दुरुपयोग भएको भेटिएको कडायतले बताए । उनका अनुसार उक्त रकम दुरुपयोगका आरोपमा सहकारीका सञ्चालक केदारनाथ शर्मालाई पक्राउ गरी कानूनी कारबाही थालिएको छ ।

अन्य सहकारी ठगीतर्फ रू.दुई अर्ब ४४ करोड २१ लाख बिगो कायम गरी अन्य सहकारी ठगीका आरोपीविरुद्ध पाँचवटा मुद्दा दर्ता भएका छन् भने उक्त मुद्दमा संलग्न रहेको आरोपमा १३ जनालाई पक्राउ गरिएको छ। यस अवधिमा लामो हतियार एक सय ५३, छोटा हतियार १६, गोली एक सय ४७ र म्यागजिन छ वटा बरामद गरिएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार छ हजारभन्दा बढी हातहतियार भने नष्ट गरिएका छन् ।

प्रहरी प्रधान कार्यालयका अनुसार गएको चैत १५ देखि अहिलेसम्म तीन महिनाको अवधिमा छ हजार चार सय २० वटा सवारी दुर्घटना भएका छन् ।

# कटहरियामा एकल महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सम्मानित



**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, २३ असार

रौतहटको कटहरिया नगरपालिकामा एकल महिला, बालबालिका तथा ज्येष्ठ नागरिकलाई सम्मान गरिएको छ । शनिबार आयोजित कार्यक्रममा नगर प्रमुख अजय प्रकाश जयसवालले उनीहरुलाई खादा ओढाई सम्मान गरेका हुन् ।

सम्मान कार्यक्रममा ४५ जना बालबालिकालाई स्कुल ब्याग वितरण गर्नका साथै एकल महिलाहरुलाई खादा ओढाई सम्मान गरिएको थियो। कार्यक्रममा वडा नं १ का अध्यक्ष भुपेन महतो कोईरी, वडा नं २ का अध्यक्ष हरिन्द्र साह, वडा नं ३ का अध्यक्ष श्यामा कान्त यादव, वडा नं ६ का अध्यक्ष जयराम चौधरी, वडा नं ७ का अध्यक्ष शहिद मियाँ धोवी, कार्यपालिका सदस्यद्वय मनोज साह र जामुन ठाकुर, पञ्जीकरण शाखाका संजिप साह, हरेन्द्र साह, योजना प्रमुख रामनरेश राय यादव, वडाका सदस्यलगायत स्थानीयहरुको उपस्थिति रहेको थियो ।

# विशाल चोकमा ५० जनाले गरे रक्तदान

**पवन जयसवाल/मध्यान्ह**
नेपालगन्ज, २३ असार

नेपालगन्ज उप-महानगरपालिका वडा नं. १८ विशाल चोकमा आयोजना गरिएको रक्तदान कार्यक्रममा ५० जनाले रक्तदान गरेका छन् । विशाल चोक टोल सुधार समितिको आयोजनामा भएको रक्तदान कार्यक्रममा ५० जनाले रक्तदान गरेका हुन् । नेपालगन्ज उप-महानगरपालिका वडा नं. १८ का वडाध्यक्ष दीपक कुमार वर्माले रगत संकलन गर्ने पाकेट प्राविधिक हस्तान्तरण गरी कार्यक्रमको उद्घाटन गरेका थिए ।

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी बाँके शाखाका सभापति गोवर्द्धन सिंह सम्झना, नेपाल स्वयंसेवी रक्तदाता समाजका सल्लाहकार पूर्ण लाल चुके, विशाल चोक टोल सुधार समितिका अध्यक्ष बबि विष्टले संयुक्त रुपमा प्राविधिक सोम प्रकाश सापकोटा र होमराज गिरीलाई पाकेट हस्तान्तरण गरेका थिए ।

कार्यक्रमको सञ्चालन विशाल चोक टोल सुधार समितिका सचिव परमेश्वर डिसीले गरेका थिए । उक्त कार्यक्रमको व्यवस्थापन विनय भण्डारी र बिक्की आउजीले गरेका थिए ।




नेपाल स्वयंसेवी रक्तदाता समाज बाँकेको समन्वय, मिडिया पार्टनरमा जनमत अर्द्ध साप्ताहिक र दैनिक नेपालगन्ज रहेको थियो भने डिके फुड एण्ड मीट प्रोडक्ट्स नेपालगन्ज, ओम एड्भरटाइजिङ, ओम सप्लायर्स, एसटी भण्डारी बिल्डिर्स, नेपालगन्ज मोडेल एकेडेमी, जेनिश सप्लायर्स नेपालगन्जले सहकार्य गरेका थिए ।

कार्यक्रममा रक्तदान गर्नेहरुमा यादवकुमार न्यौपाने, विनय भण्डारी, शिशिर बोहरा, सुभाष कटुवाल, राम ढकाल, करण विष्ट, तिलक बुढा, नमिता शाही, प्रकाश शाह, सुरेन्द्र सिंह ठकुरी, सिएससी क्षेत्री, नविन शाही, रोहित क्षेत्री, विवेक ओली, अनिल कुमार श्रेष्ठ, सेवक शाही, सुमित सिंह, अमित परियार, राजु कुमार रजौरे, इन्द्र बहादुर चौधरी, आनन्द बम, निराजन खत्री, अकेन्द्र कुँवर, टिकाराम रानामगर, हिना, समिक्षा शाह, पवित्रा राना, निशा गुरुङ, नरेन्द्र शाह, आनिक सुवेदी, मिलन राना मगर, इन्द्र क्षेत्री, राहुल कुमार बिक, किशन पुनमगर, मदन हमाल, बन्दना लामा तामाङ, कमल खत्री, विशाल शाही, सागर गिरी, रोहित खडका, विराट भण्डारी, संगीत श्रेष्ठ, बिक्की आउजी, अभय चन्द, सीता श्रेष्ठ, महेन्द्र श्रेष्ठ, भीम बहादुर थापा र कमल बम लगायत ५० जनाले रक्तदान गरेका थिए ।

प्राविधिकमा प्रादेशिक रक्त सञ्चार सेवा केन्द्र नेपालगन्जका प्रमुख उपेन्द्र रेग्मी, सोम प्रकाश सापकोटा, होमराज गिरी, सुनिल थापामगर, स्वीट यादव, केशर सिंह सिंह डाँगी लगायत प्राविधिक सहयोग गरेका थिए । रक्तदान गर्ने क्रममा स्थानीय युवाहरु, द रोयल फिटनेसका सदस्यहरु, एकता युवा क्लबका सदस्यहरु र सञ्चारकर्मी ओवीराज आचार्यहरुको उपस्थित रहेको थियो। कार्यक्रममा विशाल चोक टोल सुधार समितिका अध्यक्ष विष्टले अबदेखि समितिद्वारा वर्षमा दुई पटक गर्ने योजना रहेको बताए ।

## सत्तारूढकै...

भएको २३ दिनपछि पहिलो बैठक बसेको हो । 'मोर्चा गठन भएको लामो समयपछि बैठक बस्यो, प्रथम बैठक अलि ढिला भयो भन्ने हामी सबैले समीक्षा गर्यौं। आजको बैठकमा लोकतान्त्रिक समाजवादी आन्दोलनलाई अघि बढाउनेबारे विशेष छलफल गर्यौं', उपाध्यक्ष पाण्डेले भने ।

## सातै...

पाण्डेले जानकारी दिए। चार सदस्यीय कार्यदलमा माओवादी केन्द्रका महासचिव देवप्रसाद गुरुङ, एकीकृत समाजवादीका उपाध्यक्ष प्रमेश हमाल, जनता समाजवादी पार्टी (जसपा) का नेता राजेन्द्र श्रेष्ठ र नेकपाका खड्गबहादुर विश्वकर्मा रहनुभएको छ। कार्यदलले समाजवादी मोर्चाको भावी रणनीति तयार गर्नेछ ।

चार दलले ४ असारमा समाजवादी मोर्चा गठन गरेका थिए । समाजवादी मोर्चामा आवद्ध दलका प्रतिनिधिसभामा ५४ सांसद छन् । राष्ट्रिय सभागृहमा एक कार्यक्रमको आयोजना गरी नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी नेपाल र नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीका शीर्ष नेताले मोर्चा घोषणा गरेका थिए ।

यस सम्बन्धी अवधारणापत्रमा प्रधानमन्त्री एवं माओवादीका अध्यक्ष पुष्पकमल दाहाल, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, जसपाका अध्यक्ष उपेन्द्र यादव र नेकपाका महासचिव नेत्रविक्रम चन्दले हस्ताक्षर गरेका छन् । नेपाली मौलिकता सहितको समाजवाद स्थापना गर्ने र नेपालको संविधानको रक्षा, कार्यान्वयन र विकास गर्ने, विभेदरहित समाज स्थापना गर्ने लक्ष्य सहित मोर्चा गठन गरिएको त्यस अनुसार पहिलो बैठक बसेको जसपाका नेता राजेन्द्र श्रेष्ठले बताए ।

संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र सुदृढीकरण गर्दै नेपाली समाजवादको बाटो तय गर्ने, वर्गीय तथा क्षेत्रीय विभेदको अन्त्य गर्ने, मानव विकास सूचकाङ्कमा पछाडि परेका मधेश, कर्णाली र सुदूरपश्चिम प्रदेशलाई प्रमुख प्राथमिकता राख्ने, जनताको नागरिक तथा आर्थिक अधिकारको संरक्षण, वित्तीय एकाधिकार तथा दलाल पूँजीवादी अर्थव्यवस्थाको विकल्पमा समाजवादी अर्थतन्त्रको आधार तयार पार्ने मोर्चाको उदेश्य रहेको जनाइएको छ ।

मोर्चाको अवधारणापत्रमा आन्तरिक र बाह्य लगानीमैत्री वातावरण निर्माण गरी देशलाई औद्योगिकीकरण गर्ने, वैदेशिक रोजगारीबाट पूँजी र प्रविधि सहित फर्केका नेपालीलाई देशभित्र रोजगारमूलक व्यवसाय गर्न प्रोत्साहित गर्ने र उत्पादनका क्रियाकलाप वृद्धि गरी रोजगारी प्रदान गर्ने र गरीबी उन्मूलन र रोजगारको क्षेत्रहरूमा लगानी बढाउन तीनवटै तहको सरकारलाई क्रियाशील बनाउने उल्लेख छ । मोर्चाले वैज्ञानिक भू-उपयोग नीति लागू गर्दै कृषि क्रान्तिको माध्यमबाट कृषिको औद्योगिकीकरण, व्यावसायिकीकरण र आधुनिकीकरण गरी कृषिमा निर्भर श्रमजीवी जनताको जीवनस्तर सुधार, समृद्ध र समुन्नत बनाउने, ऊर्जा, जलस्रोत, वन, उद्योग, वाणिज्य, पर्यटन, सूचना (प्रविधि) भौतिक पूर्वाधार, यातायात लगायत क्षेत्रलाई आर्थिक समृद्धिको संवाहकका रूपमा विकास गर्ने योजना तय गरेको छ ।

शिक्षा, स्वास्थ्य जस्ता सामाजिक क्षेत्रहरूको रूपान्तरणका लागि राज्यले प्राथमिकता दिने उद्देश्य राखेको मोर्चाले सबैका लागि गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा, रोजगार, सामाजिक सुरक्षा र आवासमा पहुँचको प्रत्याभूति गराउने एवं शिक्षालाई जनताको पहुँचभित्र राख्न सामुदायिक शिक्षा प्रभावकारी बनाउँदै प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने भएको छ। जलवायु परिवर्तन, वातावरणीय प्रदूषण र प्राकृतिक विपत्का कारण उत्पन्न नकारात्मक असरलाई नियन्त्रण गर्ने, जैविक विविधता र पर्यावरणको संरक्षण गर्ने मोर्चाको योजना छ ।

## प्रधानमन्त्रीलाई ...

दलका नेताहरुलाई बोलाउनुस्, पहल तपाईंले गर्नुपर्ने देखेँ भनेर भनेको छु, प्रमुख प्रतिपक्ष दलका नेतालाई पनि अब तपाई बोलाइएको ठाउँमा जान्न भन्ने, नजाने, बसेर समस्याको समाधान खोज्ने भन्दा पनि राजीनामा माग गर्नुहुन्छ के हो भनेर कुरा गरेको छु' सभामुख घिमिरेले भनेका छन् । एमाले अध्यक्ष ओलीले आफ्नो कुरा सत्तापक्षले गम्भीरतापूर्वक नलिएको भन्ने जवाफ दिएको भन्दै घिमिरेले भने, 'यो कुरा प्रधानमन्त्रीलाई सुनाइदिएको छु ।' अघिल्लो हप्ता भारतीय नागरिक प्रितम सिंहको जीवनमा आधारित पुस्तक रोड्स टु द भ्याली (द लिगेसी अफ सरदार प्रितम सिंह इन नेपाल) विमोचनका क्रममा प्रधानमन्त्री प्रचण्डले आफूलाई प्रधानमन्त्री बनाउन प्रितम सिंह पटक पटक दिल्ली गएको भनी अभिव्यक्ति दिएका थिए । एमालेले प्रधानमन्त्रीको उक्त अभिव्यक्तिको विरोध गर्दै राजीनामा गर्नुपर्ने अडान लिएको छ ।

## सभामुखसँग...

तर आफ्नो कुरा सुनुवाइ नभएको भन्दै राप्रपाका सांसदहरुले रोष्टम घेराऊ गरे ।

सभामुख घिमिरेले त्यसपछि २० मिनेटका लागि भनेर स्थगित गरेको बैठक फेरि बस्न सकेको छैन । रास्वपाका नेताहरुले त्यसदिन आफ्नो माग प्रधानमन्त्रीको राजीनामा नभएर स्पष्टिकरण माग्ने रहेको बताएका छन् । प्रधानमन्त्री 'प्रचण्ड'ले दिएको विवादास्पद अभिव्यक्ति स्पष्ट पारेर अगाडि बढ्नुपर्ने आफ्नो पार्टीको कुरा रहेको रास्वपाका महामन्त्री मुकुद ढकाल बताउँछन् । 'प्रधानमन्त्रीले किन बोल्नुभयो आफ्नो कुरा स्पष्ट पार्नुपर्छ। उहाँले स्पष्ट पारेको आधारमा हामी थप टिप्पणी गर्नेछौं', रास्वपा लुम्बिनी प्रदेश कमिटीले गरेको दुई दिने प्रदेशस्तरीय प्रशिक्षण कार्यक्रममा भैरहवा रहेका महामन्त्री ढकाल भन्छन् ।

महामन्त्री ढकालले एमालेले नेपालको संविधानको मर्मअनुसार विकल्प बिना प्रधानमन्त्रीको राजीनामा माग्न नहुने जिकिर गरे । उनले भने, 'यो कुरा एमालेले बुझ्नुपर्छ । प्रधानमन्त्री राजीनामा माग्दा विकल्प दिनुपर्छ नत्र राजीनामा माग्न हुँदैन ।'

महामन्त्री ढकालले काँग्रेस-एमालेलाई मिलेर सरकार बनाउन पनि सुझाव दिए । उनले काँग्रेस-एमाले मिल्दा पनि माओवादीसँग प्रतिपक्षमा बस्ने ल्याकत नभएको दाबी गरे । ढकालले भने, 'माओवादी सरकारमा टाँसिरहन्छ। काँग्रेस, एमाले र माओवादी मिलेर सरकार बनाउने हो भने रास्वपा प्रतिपक्षमा बस्छ। २०७९ को निर्वाचनको जनमत र जनादेश पनि यही हो ।' पुराना पार्टीहरूले सरकार चलाउनुपर्ने र रास्वपा प्रतिपक्षमा बस्नुपर्ने उनको भनाई ।

अहिलेको प्रदेश सरकारबाट जनताको अपेक्षा पूरा हुन नसक्ने पनि उनले बताए । प्रदेश सरकारको माध्यमबाट नेता कार्यकर्ताको मात्र व्यवस्थापन भइरहेको उनको भनाइ छ । प्रदेश सरकार भनेको धेरै सांसद र मन्त्री मात्रै हुनु भन्ने नरहेको उनले जिकिर गरे ।

## अटोमेसन...

उक्त प्रणालीबाट काम शुरू भए श्रम स्वीकृतिका लागि आएका आवेदनको विवरण प्रमाणीकरण र अनुगमनको काम पनि अधिकृत तहका कर्मचारीहरूले मात्रै गर्ने विभागले जनाएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८०/०३/२४**

**विल्डर्स एबिलिटी इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. (Builders Ability Engineering Consultancy Pvt. Ltd.)** को मिति २०७८/११/१९ र २०७८/११/२८ गते मा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **विल्डर्स एबिलिटी कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि. (Builders Ability Construction and Consultancy Pvt. Ltd.) (प्रा.लि. नं.: २४८३१४)** कायम गर्ने गरी मिति २०७८/१२/०९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८०/०३/२४**

**स्टुडेन्ट वर्ड एडभाइजरी सर्भिस प्रा.लि.**को मिति २०७८/१०/१७ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **शिक्षा अनलाइन कन्सल्टेन्सी प्रा.लि. (प्रा.लि. नं.: ६३०७१)** साथै साविक ठेगाना परिवर्तन गरी **काठमाडौं महानगरपालिका–१६, काठमाडौं** कायम गर्ने गरी मिति २०७८/११/०३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**UAE मा वैदेशिक रोजगारको अवसर**

१. कम्पनीः ETIHAD INTERNATIONAL HOSPITALITY (EIH) L.L.C.-SOLE PROPRIETORSHIP L.L.C. शहरः UAE
पूर्व स्वीकृत मितिः २०७८/०९/१६ चलानी नं.: ६०१७४०२८ L.T. No.: 254805 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 38 | 0 | स. काममा दक्ष | 800 | २८५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनीः ETIHAD INTERNATIONAL HOSPITALITY (EIH) L.L.C.-SOLE PROPRIETORSHIP L.L.C. शहरः UAE
पूर्व स्वीकृत मितिः २०७९/०१/०८ चलानी नं.: ६०१७८२०० L.T. No.:262030 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners | 39 | 6 | स. काममा दक्ष | 800 | २८५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असार २८ गते (13 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं.: ८२३/०६६/०६७

**Al Secure Manpower Recruitment P. Ltd.**
Panchakumari Temple, Chandrodaya Marg, House No. 151 Sinamangal, Kathmandu, Nepal, P.O Box: 23949
Tel: 01-4592900, 4590800, 4589700, 9802070410 | Email: documentation@smrnepal.com | Website: smrnepal.com

**ऋषिङ्ग गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**पोखरी भञ्ज्याङ्ग, तनहुँ**
**गण्डकी प्रदेश, नेपाल**
**२०७३**

**ऋषिङ्ग गाउँपालिका –१ तनहुँ हाइड्रोपावरको टनेलको गेग्रान बिक्री सम्बन्धी गोप्य विद्युतीय सिलबन्दी बोलपत्र आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८०/०३/२४**

ऋषिङ्ग गाउँपालिकाको कार्यालयबाट स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-३ को दफा (११) को उपदफा (२) को खण्ड (घ) को उपखण्ड (६) बमोजिम आ.व. २०७९/८० को लागि तपसिल बमोजिमको ऋषिङ्ग गाउँपालिकाको क्षेत्राधिकार भित्रको ऋषिङ्ग गाउँपालिका-१, तनहुँ हाइड्रोपावरको टनेलको थुपारिएको गेग्रान बिक्रीको लागि कार्यालयले तोकेको न्यूनतम रकमबाट बढबढ हुने गरि मात्र इ-विडिङ्ग मार्फत ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले उल्लेखित शर्तहरु अनुसार ईच्छुक योग्य फर्म वा कम्पनीले देहाय बमोजिमको मिति र समय भित्र बोलपत्र खरिद गरि रितपुर्वकको सिलबन्दी बोलपत्र आह्वानको लागि यो सूचना प्रकाशन गरिएको छ ।

शर्तहरु तथा थप जानकारीको लागि www.bolpatra.gov.np/egp वा कार्यालयको वेबसाइट www.rishingmun.gov.np मा वा ९८५६०६३६८५ वा कार्यालयको सूचना पेटिकामा सम्पर्क गर्न सकिन्छ ।

| ठेक्का नं. | विवरण | ठेक्का खुल्ने दिन र समय | न्यूनतम रकम रु. TDS & VAT बाहेक | बोलपत्र दस्तुर रू. | धरौटी रकम |
|---|---|---|---|---|---|
| ४-आय/०७९/०८० | ऋषिङ्ग गाँउपालिका-१, तनहुँ हाइड्रोपावरको टनेलको गेग्रान बिक्री कार्य | २०८०/०४/२५ दिनको २ बजे | १,६३,१५,३३२.०० ।- | ३,०००.- अक्षेरुपी तिन हजार मात्र) | कबोल रकमको ५% |

**प्रमुख प्रशासकीय अधिकृत**

# संघीय अस्पतालका सबै शय्या निःशुल्क बनाइने



**काठमाडौं/मस–** संघीय अस्पतालका सबै शय्याहरु निःशुल्क बनाइने भएको छ।

स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतले मुलुकको सबैभन्दा ठूलो सरकारी वीर अस्पतालमा आगामी साउन १ गतेदेखि ओपिडी सेवा बिहान ८ बजेदेखि उपलब्ध हुने बताए।

सेवामूलक गैरसरकारी संस्था विजेन नेपाल नवौं वर्षमा प्रवेश गरेको अवसरमा शनिबार आयोजित कार्यक्रममा मन्त्री बस्नेतले आगामी दुई साताभित्र मुलुकका सबै संघीय अस्पतालका सबै शय्या पनि निःशुल्क बनाइने बताए।

मन्त्री बस्नेतले भने,'आगामी साउन १ गतेबाट वीर अस्पतालबाट यो सेवा लागू गर्छौं। अस्पताल समयमा पनि चिकित्सक नभेटिने समस्यालाई यसले केही हदसम्म निरुत्साहन गर्नेछ। चिकित्सक र स्वास्थ्यकर्मीलाई पनि काम गर्ने वातावरण बनाउन पनि मन्त्रालय दृढ छ।'

मेडिकल कलेज सञ्चालनको स्वीकृति लिने बेलामा १० प्रतिशत शय्या निःशुल्क हुनुपर्छ भन्ने सम्झौता हुने गरेको र त्यसको कार्यान्वयनमा कडाइ गरिएको बताउँदै उनले यसबाट हजारौं संख्यामा लक्षित समुदायलाई उपचारमा लाभ मिलेको बताए।

जनतालाई निःशुल्क र प्रभावकारी उपचार गराउन र त्यससम्बन्धी अनुभूति दिलाउन आफू लागिपरेको बताउँदै मन्त्री बस्नेतले उपचार सेवालाई सहज, सरल र सुलभ तुल्याउन अनलाइनका माध्यमबाट टिकट लिने व्यवस्था गर्न लागिएको बताए।

उनले भने, 'संविधानमा स्वास्थ्योपचारलाई मौलिक हकका रूपमा उल्लेख गरेको छ। व्यवहारमा त्यो छैन, अहिले पनि धेरै मानिसलाई अस्पताल पुग्न चुनौती छ, उपचार महँगो छ, औषधि पाइन्न। पाए पनि किन्न सकिन्न। पैसा नभएर उपचार नगरी घर फर्कनुपर्ने बाध्यता पनि छ।'

नशा र जोर्नीसम्बन्धी उपचारमा थेरापी पद्धतिलाई गाउँ-गाउँमा पुर्याए औषधि नै प्रयोग गर्नपर्ने अवस्था भए विजेन नेपाल धेरैको भाग्यविधाता बन्न सक्ने बताउँदै उनले प्रत्येक व्यक्तिलाई स्वास्थ्य हुन एक घन्टा शारीरिक व्यायाम गर्न सुझाव दिए।

संस्थाका अध्यक्ष प्रकाश श्रेष्ठले करिब तीन सय कर्मचारीको सहायतामा संस्कार र मुस्कानसहित दैनिक १२ हजारभन्दा बढी बिरामीलाई थेरापीका माध्यमबाट उपचार प्रदान गरिरहेको जानकारी दिए। 'पैसा होइन, मानवता प्राथमिकता' भन्ने नाराका साथ संस्थाले काम गरिरहेको बताउँदै उनले यो पद्धतिले समाजलाई अनुशासन, सभ्यता र संस्कार पनि सिकाइरहेको बताए।

संस्थाका कार्यकारी निर्देशक ज्ञानु लामिछानेले कोरियाबाट शुरु भई अमेरिका, चीन र भियतनाममा समेत ख्याति कमाएको वैकल्पिक उपचार पद्धतिका रूपमा रहेको निःशुल्क कोरियन थर्मल थेरापी पद्धतिले स्वास्थ्य क्षेत्रमा जनचेतना अभिवृद्धिका हिसाबले अब्बल सावित भएको बताए। मुलुकमा स्वास्थ्योपचार महँगो भइरहेका बेला बहुउपयोगी पद्धति र उपकरणमार्फत मुलुकका ५८ केन्द्रबाट सेवा प्रवाह भइरहेको सो अवसरमा जानकारी दिइएको थियो। उक्त थर्मल थेरापी पद्धति खासगरी नशा र हाडजोर्नीका बिरामीलाई निकै लाभदायी ठहरिएको संस्थाको दाबी छ।

## अज्ञात रोगले तीन सय बढी बिरामी

कालीकोटको तिलागुफा नगरपालिका-१० रुडुगाउँमा अज्ञात रोगले तीन सय भन्दा बढी बिरामी परेका छन्। अज्ञात रोग फैलिएको जानकारी पाएपछि शुक्रबार जिल्ला अस्पताल र तिलागुफा नगर अस्पतालको चिकित्सकसहितको टोली रुडुगाउ पुगेको छ।

चिकित्सकसहितको टोलीले बिरामीको स्वास्थ्य परीक्षण गरी औषधि वितरण गरेको जिल्ला जनस्वास्थ्य कार्यालयका सूचना अधिकारी कटक महतले जानकारी दिए। बिरामीमा ज्वरो आउने, घाँटी र टाउको दुख्ने, घाँटीमा टन्सिल हुने, अनुहारमा दाग देखिने, हातखुट्टा सुनिनेलगायत लक्षण देखिएको छ। नौ बिरामीको रगतको नमुना संकलन गरेर सुर्खेत पठाइएको महतले बताए। अधिकांश बिरामी महिला र बालबालिका रहेको तिलागुफा नगर अस्पतालका डा.टंकप्रसाद आचार्यले जानकारी दिए। सबै बिरामीमा एउटै किसिमको लक्षण भएको डा. आचार्यले बताए।

# चिट्ठा कार्यक्रमबाट बचेको दुई लाख मोना बदुउद्देश्यीय अक्षय कोषलाई

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २३ असार



कतारमा रहेका म्याग्देलीहरुको साझा संस्था म्याग्दी प्रवासी नेपाली संघ (मोना) कतारले सञ्चालन गरेको चिट्ठा कार्यक्रमबाट भएको बचत रकम हस्तान्तरण गरिएको छ। संघले म्याग्दी जिल्लाको सदरमुकाम बेनीमा स्थापना गरेको मोना कतार बहुउद्देश्यीय अक्षय कोषको कोष वृद्धिका लागि सञ्चालन गरेको चिट्ठाबाट बचेको २ लाख रुपैयाँ एक कार्यक्रमका बीच कोषका अध्यक्ष विक्रम कार्कीलाई हस्तान्तरण गरेको हो।

१० रियाल दरका १५ सय चिट्ठा छपाई गरिएकोमध्ये १३ सय ३८ वटा चिट्ठा बिक्री भएको चिट्ठा संयोजक बाबुराम भण्डारीले बताए। उनले चिट्ठाको पुरस्कारसहित तीन हजार रियाल (करिब एक लाख रुपैयाँ) खर्च गर्दै १० हजार ३ सय ८० रियाल (करिब साढे तीन लाख रुपैयाँ) बचत भएको र त्यसमध्येबाट दुई लाख नेपाली रुपैयाँ कोषका लागि हस्तान्तरण गरिएको बताए।

संघ कतारका अध्यक्ष राजु पौडेलको सभापतित्व तथा बहुउद्देश्यीय कोषका अध्यक्ष विक्रम कार्कीको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो। उक्त कार्यक्रममार्फत आफ्नो जनमदिनमा फजुल खर्च नगरी तीन जनाले कोषको आजीवन सदस्यता लिएका छन्। सदस्यता लिनेहरूमा म्याग्दी जिल्ला मालिका गाँउपालिका वडा नं ५ का वीरबहादुर सुनार, रघुगंगा गाउँपालिका वडा नं ३ का कमल परियार र बेनी नगरपालिका वडा नं ९ का कमल खत्री रहेका छन्।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि कार्कीले कोषले कतार तथा जिल्लामा चन्दा अभियान सदाका लागि बन्द गर्ने विश्वास व्यक्त गर्दै कार्यसमितिले निरन्तर गरेको मिहेनतको प्रशंसा गरे। उनले छिट्टै कोषको अधिवेशन गरिने जानकारी दिए।

कार्यवाहक महासचिव कृष्ण शर्माले सहजीकरण गरेको कार्यक्रमको समापन गर्दै सभापति पौडेलले जिल्लाको दीर्घकालीन विकास र अभावमा परेकाहरूको सहयोगार्थ मोना कतार सदैव साथमा रहने प्रतिबद्धता व्यक्त गरे। उनले संघले सञ्चालन गरेका हरेक अभियानहरू सफल बनाउन सहयोग गर्ने सहयोगीका कारण मोना कतारले सदैव इतिहास रच्ने गरेकोमा खुसी व्यक्त गर्दै सबैप्रति आभार व्यक्त गरे।


## म राष्ट्र भुषण चौलागाईंद्वारा यथार्थ जानकारी गराएको सार्वजनिक सूचना

म राष्ट्र भुषण चौलागाईंले वैदेशिक रोजगार व्यवसाय गर्ने वैभव ओभरसिज प्रा.लि. (इजाजत नं ३७३) को ५० प्रतिशत शेयर लिई कम्पनीको शेयरधनी तथा अध्यक्षको रुपमा कार्यरत रही कम्पनीको बजार प्रवर्द्धन Marketing गर्न विदेश आएको समयमा म सम्पर्कविहीन भएकाले ७ दिनभित्र कम्पनीमा उपस्थित हुनु भनेर मेरो नाम उल्लेख गरी मध्यान्ह राष्ट्रिय दैनिकमा सूचना प्रकाशित भएको जानकारी पाएकाले वास्तविकता अवगत गराउन यो सूचना प्रकाशन गरेको छु।

१) म कम्पनीको बजार प्रवर्द्धन गर्ने सिलसिलामा अहिले देश बाहिर रहेको छु र यसको जानकारी कम्पनीका सञ्चालक, कर्मचारीलगायत कम्पनीसँग सम्बन्धित सबैलाई छ।
२) म कम्पनीसँग सम्बन्धित सबैसँग सम्पर्क र संवादमा छु।
३) ओभरसिज (विदेश)मा रहँदा मैले प्रयोग गर्ने +96594993139 मा Direct - WhatsApp, Messenger, लगायतका सामाजिक सञ्जालमा जुनसुकै बेला पनि सम्पर्क हुने गरी उपलब्ध छु।
४) म निकट भविष्यमा (जतिसक्दो चाँडो) नेपाल आएर नियमितरुपमा कम्पनीमा उपस्थित भएर काम गर्ने छु।
५) कम्पनी सञ्चालन, कम्पनीको आर्थिक कारोबारलगायतका विषयमा कम्पनीका अर्का सञ्चालकसँग केही असहमति भएकोमा ५० प्रतिशत शेयर लिएर अध्यक्षको रुपमा कार्यरत व्यक्तिलाई ७ दिनभित्र उपस्थित हुनु भनेर कम्पनीबाट निर्णय नगरी अनधिकृतरुपमा मेरो मानहानी हुने गरी सूचना प्रकाशन गरेकाले यसको क्षमायाचना नगरे उचित कानूनी करबाहीका लागि प्रक्रिया अगाडि बढाउने व्यहोरा अवगत गराउँदछु।

**राष्ट्र भुषण चौलागाईं**
**अध्यक्ष**

श्रम इजाजत नं. ३७३/०५९/०६०
**वैभव ओभरसिज प्रा.लि.**
तीनकुने, काठमाडौं।
फोन नं. ०१-४१०६२६४/४१०६२६५


## हुम्ला डायरी • ओबराज शाही/मध्यान्ह

### सिमकोटमा रैथानी बालीको परिकार प्रदर्शन



हुम्लाको सिमकोट गाउँपालिकामा रैथाने बालीको परिकार प्रदर्शन गरिएको छ। रैथाने बालीको प्रचार-प्रसार तथा उत्पादन बढाउने उद्देश्यले सिमकोट गाउँपालिकाले शनिबार ११ प्रकारका रैथानी बालीको परिकार बनाएर प्रदर्शन गरेको हो।

जिल्लाभर उत्पादन भएको ११ प्रकारको रैथाने बाली संकलन गरेर परिकार विविधीकरण मेला प्रदर्शन गरिएको सिमकोट गाउँपालिकाका कृषि शाखा प्रमुख नेत्रबहादुर शाहीले जानकारी दिए।

शाहीका अनुसार हुम्लाको रैथाने बाली नेपालका विभिन्न ठूला शहरमा निर्यात भएको भएपनि जिल्लामा रैथाने बालीको प्रचारप्रसार उल्लेख्यरुपमा नभएका कारण रैथाने बालीबाट परिकार बनाएर प्रदर्शन गरिएको हो।

रैथाने बालीबाट कादोको प्यान केक, घोडामच्चाको चिया, पुदिना, तिर्खलो र धनियाको चट्नी, आलु, बन्दा र असुरोको मःम, राईतो, सिस्नुको फाडो, मार्स्याको लड्डु, चिनोको पुलाउ, फापरको पकौडा र कागुनोको खिर बनाएर प्रदर्शनमा उपस्थितहरुलाई खुवाइएको थियो। हुम्लाको रैथाने बालीलाई यो प्रदर्शनले टेवा पुऱ्याउने विश्वास गाउँपालिकाले लिएको छ। जिल्ला समन्वय समिति हुम्लाका प्रमुख शिवराज शर्माले परिकार खाएर रैथाने बालीको परिकार विविधीकरण मेला प्रदर्शनको उद्घाटन गरेका थिए। सो अवसरमा सिमकोट गाउँपालिका कृषि शाखाको आयोजनामा गाउँपालिकाका कर्मचारी, जनप्रतिनिधि, सरकारी कार्यालयका कर्मचारी, राजनीतिक दल, सुरक्षाकर्मी तथा सञ्चारकर्मीहरुसहित करिब ८० जनाको सहभागिता रहेको थियो।

### हेल्थ अस मेडिकल सेन्टर हुम्लाको अभिमुखीकरण सम्पन्न



हेल्थ अस मेडिकल सेन्टर हुम्लाले अभिमुखीकरण तथा प्रगती समीक्षा कार्यक्रम सम्पन्न गरेको छ। संस्थाले जिल्लाका ७ वटै गाउँपालिकामा स्वास्थ्य उपचारको क्षेत्रलाई सेवा विस्तार गर्ने लक्ष्य लिएको भएपनि हाल खार्पंनाथ र सिमकोट गाउँपालिकामा स्वास्थ्य शिविर सञ्चालन गरी सर्वसुलभ दररेटमा औषधी बिक्री वितरण गर्दै आएको छ। जिल्लाका स्वास्थ्य संस्थामा औषधी अभाव हुन नदिन ती स्वास्थ्य संस्थामा औषधी उपलब्ध गराउने काम गरिरहेको सोही संस्थाका इन्चार्ज नारायण फडेराले बताए। अभिमुखीकरण कार्यक्रममा हेल्थ अस मेडिकल सेन्टरले आउँदा दिनहरुमा आफ्ना सेवाहरुलाई विस्तार गरी चौबिसै घण्टा सेवा प्रवाह गर्नंपर्ने, फार्मेसीले व्यापार गर्ने मात्र नभइ जिल्ला भरीका गरिब निमुखा तथा कमाइ गरी खान नसक्ने एकल महिलाहरु र वृद्धवृद्धाको पहिचान गरी छुटमा औषधी उपलब्ध गराउँदै आएकोमा यसलाई बढी भन्दा बढी समेट्न सक्नुपर्नेमा जोड दिएका थिए।

सोही संस्थाका सल्लाहकार समितिका संयोजक राजन रावतले जिल्लामा स्वास्थ्य क्षेत्रमा काम गर्ने निकायबीच एक आपसमा द्वन्द्व श्रृजना गर्नं भन्दा पनि एक आपसमा हातेमालो गरी हुम्ली जनताको स्वास्थ्य सेवालाई के, कसरी गुणस्तरीय बनाउने र हुम्ला जिल्लामा औषधी अभाव हुन नदिनेतर्फ सबै स्वास्थ्य क्षेत्रमा काम गर्ने स्वास्थ्यकर्मीसँगै निकाय सचेत हुनुपर्ने बताए। जिल्ला समन्वय प्रमुख शिवराज शर्माले विदेशीले स्थानीयवासीको चेकजाँच गर्दा वा उपचार गर्दा उनीहरुको मुख्य क्षेत्र पहिचान गरी सेवा प्रवाह गर्न लगाउनुपर्ने, जथाभावी चेक जाँच गर्दा वा उपचार गर्दा त्यसले स्थानीयवासीको स्वास्थ्यमा नकारात्मक प्रभाव पार्न सक्ने भएकाले त्यसतर्फ पनि सबै सचेत हुनुपर्ने बताए। सिमकोट गाउँपालिका अध्यक्ष विजय भण्डारीले स्वास्थ्य संस्थाबाट निस्कने फोहोरले मानिसको स्वास्थ्यका लागि घातक हुने भएकाले यसको डिसपोज गर्दा संवेदनशील हुनुपर्ने, कुनै पनि स्वास्थ्य उपचारका शिविर वा अन्य स्वास्थ्य सम्बन्धी काम गर्दा गाउँपालिकालाई जानकारी गराइ अनुमति लिइ गर्दा सुशासन कायम हुने बिताए।

सहायक प्रमुख जिल्ला अधिकारी अमृत प्रसाद सुवेधीले जिल्लाका स्वास्थ्य संस्थामा हुने औषधी अभाव होस् वा कुनै पनि स्वास्थ्य संस्थाले औषधी उपलब्ध गराउँदा होस् जिल्ला प्रशासन कार्यालयको प्रत्यक्ष निगरानी रहेको र औषधी उपलब्ध गराउँदा मिति गएको बेच्न नहुने बताए।

## व्यवसायी बानियाँलाई पुत्र शोक



**काठमाडौं/मस–** वैदेशिक रोजगार व्यवसायी तथा समाजसेवी प्रेम बानियाँलाई पुत्र शोक परेको छ। राजधानीको एयरपोर्ट, कालिमाटी डोलस्थित सुपर्व शोलुशन प्रा.लि.का प्रबन्ध निर्देशक एवम् काठमाडौं-झापा गाउँपालिका सेवा समाजका कोषाध्यक्ष प्रेम बानियाँका कान्छा छोरा प्रयाश (कमल) बानियाँको १७ वर्षको अल्पायुमै गत बिहीबार निधन भएको हो। स्व. बानियाँको बसुन्धारास्थित ईशान बाल अस्पतालमा निधन भएको हो। स्व. बानियाँका हजुरबुबा, हजुरआमा, बुबा, आमा, काका, फुपू, फुपाजुका साथै तीन दाजुभाइ र एक बहिनी छन्।


**JAPAN र KOREA मा काम गर्न जान लाग्नुभएको छ ?**

यहाँ JAPAN र KOREA मा काम गर्न जाने नेपाली श्रमिकहरुका लागि विशेष दुईदिने ओरियन्टेशन क्लासका साथै मेडिकल जाँच पनि गरिन्छ।

Kathmandu Orientation (P) Ltd.
Nippon Medical Center (P) Ltd.
नयाँ बसपार्क, माछापोखरी चोक, काठमाडौं
सम्पर्कः 01-4958923 / 01-4952044
मोः 9741818340 ( WhatsApp/Viber )



**झापा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
टाघनडुब्बा, झापा
कोशी प्रदेश, नेपाल

**१५ दिने सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८०/०३/२४**

**सँधियार दक्षिण : श्री सुरेश अग्रवालको नाममा जारी गरिएको।**

साविक कुमरखोद गा.वि.स. वडा नं. ९ हाल झापा गाउँपालिका वडा नं. ०२ बस्ने श्री कमल कुमार हलुवाईले निजको नाममा दर्ता कायम रहेको तपसिल बमोजिमको जग्गामा भवन निर्माण गरि घर नक्सा अभिलेखीकरण गरि पाउँ भनि निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सँधियारको उपस्थिति नरहेकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ३१ (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। उक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला। म्याद भित्र कुनै दावी विरोध नभए कानून बमोजिम भईजाने व्यहोरा समेत सूचित गरिन्छ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) | नक्सा दर्ता मिति | सूचना प्रकाशित मिति |
|---|---|---|---|---|---|
| झापा गा.पा. - २ (साविक कुमरखोद - ९) | सिट नं. १७९ -०६६९-०३ | ६२, ६३ र ३३ | १६९.३०,४७.५० र १५८.०४ | २०८०।०३।२० | २०८०।०३।२१ |





मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

२४ असार २०८०, आइतबार
9 July 2023, Sunday

सम्पादकीय

# विश्वासको खडेरी

कोशी प्रदेशमा नेपाली कांग्रेसका नेता उद्धव थापा मुख्यमन्त्री नियुक्त भएपछि नेकपा एमाले सर्वोच्च अदालत गएको छ । एमाले प्रदेश संसदीय दलका नेता हिक्मतकुमार कार्की परमादेशको माग लिएर सर्वोच्च गएका हुन् । थापालाई मुख्यमन्त्रीका रूपमा काम गर्न रोक लगाई आफूलाई मुख्यमन्त्री नियुक्ति गरिनुपर्ने कार्कीको माग छ । प्रदेश सभामुखको सहित हस्ताक्षर लिएर गएका थापालाई प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्त गर्नु संवैधानिक प्रक्रिया नभएको उनको जिकिर छ । तर कार्कीले माग गरेको परमादेशलाई लिएर अनेक टिप्पणी भइरहेको छ । त्यसको कारण भने बिगतमा एमालेले परमादेशप्रति फैलाएको बितृष्णा हो । प्रतिनिधिसभाको बहुमत सदस्यको हस्ताक्षर सहित शितलनिवास पुगेका कांग्रेस सभापति शेरबहादुर देउवालाई तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले प्रधानमन्त्री नियुक्त गरेकी थिइनन् ।

संविधानको धारा ७६ (५) बमोजिम आफू प्रधानमन्त्री हुनुपर्ने देउवाको परमादेश मागलाई सर्वोच्च अदालतले सदर गरेपछि एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सत्ता गुमेको थियो । त्यही झोंकमा एमालेले परमादेश शब्दप्रति नै बितृष्णा सिर्जना गर्ने काम गरेको थियो । आज त्यही परमादेशको मागप्रति एमालेलाई गिज्याउने काम विशेषगरी सामाजिक सञ्जालमा भइरहेको छ । त्यसको नकारात्मक असर भने न्यायिक प्रक्रियामा भइरहेको छ । किनकि परमादेश न्यायिक प्रक्रिया हो, जसको माग हुनु अस्वभाविक होइन । तर आफूलाई केन्द्रमा राखेर गरिने प्रचारको मार आज एमालेले खेपिरहनु परेको छ । यसबाहेक अरू थुप्रै प्रक्रिया र निर्णय छन्, जसको संगती नमिल्दा दलहरूप्रति बितृष्णा उत्पन्न भइरहेको छ । त्यसको असर प्राप्त उपलब्धि र वर्तमान व्यवस्थामा परिरहेको छ ।

मुख्यगरी सत्तामा हुँदा र नहुँदा एउटै घटनालाई हेर्ने दृष्टिकोणमा समानता नहुनु ठूलो समस्या देखिन्छ । सरकार गठन प्रक्रिया, संविधानको व्याख्या र सामाजिक घटनाक्रमलाई हेर्न दृष्टिकोणमा संगती देखिदैन । आफूले गरेको निर्णय प्रमाणित गर्न तथ्य भन्दा पनि भावनात्मक कुरा गर्ने प्रवृत्तिको मार समायान्तरमा आफैले खेप्नु परिरहेको देखिन्छ । आफू प्रतिकुल हुँदा न्यायिक फैसलाप्रति समेत अपब्याख्या गर्ने प्रवृत्तिको मार अहिले कोशी एमालेमा परिरहेको देखिन्छ । छिमेक सम्बन्धमा त हाम्रा नेतृत्वको बुझाइ कहिल्यै समान देखिदैन । सत्तामा भइञ्जेल नरम देखिने नेताहरू प्रतिपक्षमा पुग्नासाथ भारतलाई दोष दिने प्रवृत्ति डरलाग्डो छ । यस्ता घटनाक्रमले नागरिकमा नेतृत्वप्रति विश्वास घटेर गएको देखिन्छ, जुन कार्य लोकतान्त्रिक प्रक्रियाकै निम्ति घातक छ ।

## तपाईंको राशिफल

मेष : मुद्दा मामिलामा सफलता मिल्नेछ । शत्रु परास्त हुनेछन् ।

वृष : प्रभावमा वृद्धि हुनेछ । दैनिक जीवन सुखी रहनेछ ।

मिथुन : विरोधी सकिय रहन्छ तर, असफल हुनेछन् ।

कर्कट : महत्वपूर्ण भेटघाट हुनेछ । यश बढ्नेछ ।

सिंह : अनावश्यक जिम्मेवारी लिनु हुँदैन । व्यापारिक कार्यहरुमा राम्रो लाभ हुनेछ ।

कन्या : सम्बन्धहरुमा विवाद हुने योग छ । स्वास्थ्य राम्रो रहनेछ ।

तुला : नयाँ कार्यमा सावधानी राख्नुहोला । विदेश यात्राको योग छ ।

वृश्चिक : नयाँ काम बन्ने छ । रोजगार प्राप्तिको योग छ ।

धनु : जीवनसाथीको सहयोग प्राप्त हुन्छ । अर्कामाथि भरोसा नगर्नु होला ।

मकर : व्यवसायमा फाइदा हुनेछ । जनसम्पर्कमा वृद्धि हुनेछ ।

कुम्भ : घरबाट अपेक्षित सहयोग प्राप्त होला । न्यायिक कार्यमा सफलता मिल्नेछ ।

मीन : व्यक्तिगत काममा सफलता मिल्नेछ । मन प्रफुल्ल हुनेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# 'कार्यान्वयन सम्भव हुने योजनामात्रै अघि सारेका छौं'



**प्रकाशबहादुर देउवा**, भौतिक पूर्वाधार विकास मन्त्री, सुदूरपश्चिम प्रदेश सरकार

सुदूरपश्चिम प्रदेश सरकारभित्र आशातीतरूपमा हेरिएका मन्त्रीमध्ये पर्छन् **प्रकाशबहादुर देउवा** । प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयको जिम्मेवारीमा रहेका देउवाले जिम्मेवारीमा पुगेसँगै आर्थिक पारदर्शीता, सुशासन र भ्रष्टाचार नियन्त्रण जस्ता काममा सक्रियपूर्वक पाइला चालेका छन् । "हरेक कदमको सुरुवात आफैंबाट गर्नुपर्छ" भन्ने मान्यता बोक्ने देउवा युवा पंक्तिबीच निकै लोकप्रिय पनि छन् । नेपाली कांग्रेसको राजनीतिबाट उदाएका देउवाले गरेको कामबाट स्वयम् पार्टीलाई स्थापित हुनसमेत सहज बनाइरहेको धेरैको बुझाई छ । यीनै लोकप्रिय मन्त्री देउवासँग मध्यान्ह राष्ट्रिय दैनिकको लागि **सुनिल आउजी**ले केही जिज्ञासा राखेका छन् । आगामी आर्थिक वर्षको बजेट र बजेटको कार्यान्वयन पक्षको सन्दर्भमा रहेर देउवासँग गरिएको कुराकानीको सम्पादित अंश :

**तपाईंले नेतृत्व गरिरहेको मन्त्रालयले के–कस्ता काम गरिरहेको छ ? कार्यप्रगतिको अवस्था कस्तो छ ?**

मन्त्रालयको जिम्मेवारीमा आएपछि मूलतः मैंले जनताको प्राथमिकताअनुसारका विषयमा काम गरेको छु। यस प्रदेशका जनताको आवश्यकताअनुसार मेरो मुख्य ध्यान सबैलाई खानेपानीको पहुँच पुर्याउनेमा छ। पहिलो खानेपानी पुर्याउने दोस्रो कुरा, शुद्ध पानी उपलब्ध गराउने भन्नेमा छ । मैंले सम्बन्धित निकायलाई पनि सोहीअनुसार नै निर्देशन गरेको छु ।

बजेटमा अहिले स्वास्थ्य चौकी, स्वास्थ्य संस्था र सामुदायिक विद्यालयहरूमा कति गर्न सकिन्छ त, त्यो मोडेलका रूपमा खानेपानीको कार्यक्रम सुरुवात गर्दैछु । अर्कोतिर, भौतिक मन्त्रालयमा सिँचाइ ओझेलमा परेको छ किनभने सिँचाइले तटबन्ध गर्दो रहेछ । त्यसपछि जति वटा कार्यालय छन्, त्यो सबैमा तटबन्धको काम बढी र सिँचाइको कम देखिएको हुनाले मैले यसपालि उहाँहरूलाई बोलाएर तटबन्धसँगै सिँचाइमा ध्यान दिन भनेको छु। तटबन्धको काम बढी भएर हेर्न पनि समस्या छ। एक त कर्मचारीको अभाव छ। सिँचाइले कृषि उत्पादनलाई बढाउने हुनाले यसलाई बढी प्राथमिकता राखेर काम गरौं भनेको छु ।

**तपाईंको मन्त्रालयले खानेपानीको योजनासँगै आगामी आर्थिक वर्षमा कस्ता योजनालाई अगाडि बढाउँदैछ ?**

हाम्रो मन्त्रालयले क्षमताअनुसारका योजना मात्रै कार्यान्वयमा ल्याउँछ। आर्थिक वर्ष २०७९/०८० मा सडक, खानेपानी, पुल, भवन र तटबन्धका छ हजार दुई सय योजना रहेकोमा प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि दुई हजार आठ सयमा झारेको छ । यसमा पनि सात सय ५० योजना संघ सरकारले हस्तान्तरण गरेका छन् । सरकारले आवश्यकता र औचित्यका आधारमा मात्र योजना कार्यान्वयन गर्ने जसका कारण पूर्वाधार विकासका टुक्रे योजनामा बजेट काटिएको छ। योजनाको आवश्यकता, औचित्य र प्रदेशको क्षमताको आधारमा मात्र योजनामा बजेट बिनियोजन गरिएको छ । यस अघिका आर्थिक वर्षमा योजना कार्यान्वयन गर्ने जनशक्तिभन्दा योजना अत्याधिक भएर समयमै योजना कार्यान्वयन हुन नसकेका र कार्यान्वयन भएका योजना पनि गुणस्तरिय हुन नसकेको गुनासो छ। जसलाई सम्बोधन गर्ने प्रयास गरेका छौं ।

**धेरै योजनाहरु कटौती गर्दा सन्देश नराम्रो जाला भन्ने लागेको छैन ?**

पूर्वाधार विकास सन्दर्भमा हाम्रो मन्त्रालयको निकै महत्वपूर्ण जिम्मेवारी छ। हामीले सोहीअनुसार नै योजना बनाएका छौं। बहुवर्षीय योजनामा धेरै ढिलासुस्ती हुने गरेको थियो, अब समयमै योजना पूरा गर्ने गरी काम हुन्छ । तीन वर्षसम्मका लागि स्वीकृति लिएर पाँच वर्षसम्म बहुवर्षीय भन्दै काम भएको पाइन्छ, अब त्यस्तो हुँदैन। स्रोतको सुनिश्चितता गरेर मात्र काम हुनेछ। चालु आर्थिक वर्षमा छ हजार दुई सय आयोजना समेटिएका छन् । पछि संघीय सरकारले अनुदान फिर्ता लगेपछि ती आयोजना पाँच हजारमा झरे। अहिले हाम्रो मन्त्रालयले सबै घटाएर दुई हजारमा झारेको छ। धेरै भए पनि तीन हजारभन्दा माथि जाँदैन । मेरो बुझाईमा जसले जे भन्यो त्यो समावेश गर्नतिर लाग्यो भने त्यो त खाली समावेश मात्रै हुन्छ, कार्यान्वयन हुँदैन । यसपटक कार्यान्वयन हुने खालका र हुनसक्ने योजना मात्रै समावेश गरिएको छ।

**तपाई भौतिक मन्त्रालयको जिम्मेवारी सम्हालेदेखि कस्ता खालका योजनालाई प्राथमितामा राख्नुभएको छ ?**

मैले योजनाहरु कार्यान्वयन गर्नका लागि नयाँ मापदण्ड निर्माण गर्न सुरु गरेको छु। जनतालाई मन्त्रालयको अनुभूति गराउने गरी बजेटको सीमा तोक्ने, योजनाको प्रकृती हेरेर मात्र मन्त्रालयले कार्यान्वयन प्रकृया अघि बढाउने नीति अघि सारिएको छ। त्यही नीतिअनुसार नै आगामी आर्थिक वर्षका लागि योजनामा बजेट छनोट गरिएको छ । वडाले कार्यान्वयन गर्नुपर्ने योजना पनि प्रदेशको योजनामा समावेश गर्ने गरिएको रहेछ तर, यसपटक हामीले त्यसलाई तोडेका छौं। हाम्रो क्षमताअनुसार प्रदेश सरकारको अनुभुती हुने गरी योजनामा बजेट छुट्याएका छौं । भौतिक पूर्वाधार विकास मन्त्रालयले विगतमा छ हजार दुई सय योजना रातो किताबमा समावेश गरेको थियो भने यसपटक योजना कटौती गरेर दुई हजार आठ सय १४ मा झारेका छौं ।

**आगामी आर्थिक वर्षका लागि कस्ता योजनामा कति बजेट छ ?**

हाम्रो मन्त्रालयले अगाडि सारेका दुई हजार आठ सय १४ योजनामा एक हजार सात सय ३० योजना पुराना हुन् । जुन क्रमागत, प्रदेश गौरव, बहुवर्षीय योजना रहेका हुन्। सात सय योजना संघीय सरकारका ससर्त योजना छन् । भौतिक पूर्वाधार विकास मन्त्रालयले तीन सयको हाराहारीमा मात्र नयाँ योजना बजेटमा समावेश गरेको छ। जस्तै : सडक,

> *संघीय सरकारले पठाएका सात सय ५० योजना छन् । हामीले नयाँ तीन सय योजनामात्रै बनाएका छौं । त्यसमा २२ वटा योजना स्थानीय तहलाई वित्तीय हस्तान्तरण गरेका छौं । हाम्रो मन्त्रालयको दुई सय ७८ वटा योजनामात्रै छन् । यी सबै कार्यान्वयनमा जान्छन् । वितरणमुखी बनेर होइन, कार्यान्वयनमा जानसक्ने अवस्थालाई हेरेर बजेट बनाएका छौं ।*

खानेपानी, सिंचाइ, पुल र भवनका हरेक नयाँ योजनामा ५० लाखभन्दा बढी बजेट छुट्याएको छ । नयाँ बजेटमा १२ अर्बको सिलिङमा रहेर मन्त्रालयले योजना प्रस्ताव गरेको छ, गत वर्ष भने १८ अर्बको सिलिङ थियो, यसपटक बजेटको सिलिङ नै घटेर आएको छ ।

**पहुँचको आधारमा योजना पर्‍यो भन्ने पनि आरोप छ। धनगढीमा सडकमा मात्रै बजेट खनियो भन्ने आरोप छ, के भन्नुहुन्छ ?**

धनगढी उपमहानगरपालिकाभित्र सबैभन्दा बढी योजना सडकमै परेको साचो हो । तर, यसपटक धनगढीभित्र कसैका ध्यान नपुगेका महत्वपूर्ण सडकहरुमा योजना परेका छन् । धनगढीमा ४९ वटा सडकका योजनामा सरकारले बजेट बिनियोजन गरेको छ । धनगढी उपमहानगरपलिको जनसंख्या र आवश्यकता तुलनामा सडकका योजनामा बजेट बिनियोजन गरिएको हो। जे-जति योजना परेका छन्, ति अनिवार्य हाल्नुपर्ने खालको थियो। जसले समग्र धनगढीको विकासमा भूमिका खेल्नेछ ।

**तपाईंहरुले निकै राम्रो बजेट ल्यायौं भनिरहँदा बजेटप्रति आम जनतामा त्यति सन्तुष्टि देखिन्न। यसलाई कसरी हेर्नुभएको छ ?**

सरकारले ल्याएको बजेटप्रति असन्तुष्टि पोखिनु स्वभाविक हो । हाम्रो मन्त्रीज्यूको दुर्घटनाबाट मृत्यु भयो । त्यसपछि देशैभरिका

> *विगतका बजेट कार्यकर्तामुखी, वितरणमुखी र पहुँचका भरमा आएका रहेछन् । त्यो प्रेसर अहिले पनि आएको थियो । रोजगारी सिर्जना हुने र आर्थिक स्थितिमाथि पुर्‍याउने प्रकारका योजनाभन्दा आफूलाई लाभ हुने गरी योजना ल्याउने चलन थियो । जसको कारण पनि सुदूरपश्चिम प्रदेश सरकारप्रति जनताको विश्वास गुम्दै गएको थियो । अहिलेको सरकारले गलत परम्परा तोड्दै जनतालाई आशा र भरोसा दिलाउने गरी योजना ल्याएको छ ।*

मुख्यमन्त्रीज्यूहरूको पोखरामा मिटिङ थियो प्रधानमन्त्रीज्यूको उपस्थितिमा। १८-१९ गतेपछि संसद चलाउने कुरा भएको छ । केही ढिला भएको जस्तो लागेको मात्रै हो। हामीहरुले गरेको कामको मूल्यांकन हुन्छ। तर, बजेट पारित नहुने कुरा र बजेट पारित नहुने भएपछि हामीले समय ढिला गरेको भन्ने त्यस्तो केही होइन ।

उहाँहरूलाई अझै पनि केही सम्बोधन हुन्छ कि भन्ने लागेको रहेछ। स्थानीय तहमा हामीले सबैभन्दा धेरै पालिका जितेका छौं। संसदमा पनि नेपाली कांग्रेस सबैभन्दा ठूलो पार्टी छ । त्यसैले हाम्रो माग केही बढी भएको हो । बजेट पनि त्यहीअनुसार आएको भए हुन्थ्यो भन्ने लागेको हुनसक्छ । त्यो लाग्ने कुरामात्रै हो । गएको वर्ष चुनावी बजेट आएको थियो । सबैलाई सम्बोधन हुने प्रकारले उहाँहरूले धेरैभन्दा धेरै योजना तयार गर्नुभएको थियो। तर, कार्यान्वयन किन फितलो भयो त ?

**बजेटमाथिको विरोध हुँदा सबैभन्दा धेरै गुनासा तपाई र तपाईंको मन्त्रालयप्रति देखियो। किन तपाई केन्द्रित गुनासो आयो ?**

त्यस्तो होइन। पहिलो कुरा गएको वर्ष चुनावी बजेट आएको थियो। सबैलाई सम्बोधन हुने प्रकारले उहाँहरूले धेरैभन्दा धेरै योजना तयार गर्नुभएको थियो। त्यसको कार्यान्वयन समस्या थियो, चुनौती थियो। केही हल्लाहरू पूरै अहिलेको सरकारले काटिदियो पनि भनिरहेका छन्। कुरा त्यस्तो होइन। कुल लागतको २० प्रतिशत पनि बजेट बिनियोजन गरिएको छैन भने त्यो कार्यान्वयनमा जान सक्दैन । छ हजार दुई सय योजना कस्ता थिए भने एक ठाउँमा ११ करोडको पुल बन्दैछ भने उहाँहरूले १० लाख विनियोजन गर्नुभएको थियो। के त्यसरी काम अगाडि बढ्छ ?

हाम्रो कार्यालयको अवस्था पनि हेर्नुहोस्, एउटा मान्छेको जिम्मामा एक-डेढ सय योजना कसरी सम्भव छ ? त्यसो भएको हुँदा छ हजार दुई सयभित्र भएका कार्यान्वयन गर्न सकिने एक हजार सात सय १३ योजनालाई हामीले निरन्तरता दिएका हौं ।

त्यस्तै संघीय सरकारले पठाएका सात सय ५० योजना छन्। हामीले नयाँ तीन सय योजनामात्रै बनाएका छौं। त्यसमा २२ वटा योजना स्थानीय तहलाई वित्तीय हस्तान्तरण गरेका छौं। हाम्रो मन्त्रालयको दुई सय ७८ वटा योजनामात्रै छन्। यी सबै कार्यान्वयनमा जान्छन्। वितरणमुखी बनेर होइन, कार्यान्वयनमा जानसक्ने अवस्थालाई हेरेर बजेट बनाएका छौं ।

**विगतमा सरकारहरुले गलत ढंगले बजेट विनियोजन गरेको भन्न खोज्नुभएको हो ?**

विगतका बजेट कार्यकर्तामुखी, वितरणमुखी र पहुँचका भरमा आएका रहेछन् । त्यो प्रेसर अहिले पनि आएको थियो । रोजगारी सिर्जना हुने र आर्थिक स्थितिमाथि पुर्‍याउने प्रकारका योजनाभन्दा आफूलाई लाभ हुने गरी योजना ल्याउने चलन थियो। जसको कारण पनि सुदूरपश्चिम प्रदेश सरकारप्रति जनताको विश्वास गुम्दै गएको थियो । अहिलेको सरकारले गलत परम्परा तोड्दै जनतालाई आशा र भरोसा दिलाउने योजना ल्याएको छ ।

**टुक्रे योजनामा बजेट पार्नुहुँदैन भनिरहँदा मोनोरोल चलाउने योजना बजेटमा परेछ। के मोरोरेल चलाउन सम्भव छ ?**

मोनोरेलको कुरा योभन्दा अगाडिको बजेट र नीति तथा कार्यक्रममा पनि थियो। हाम्रै नेपालमा तिलोत्तमा नगरपालिकाले चार किलोमिटरको त टेन्डर नै आह्वान गरिसकेको छ । उहाँहरूसँग पनि हामीले बसेर कुराकानी गरेका थियौं । अत्तरियादेखि धनगढीसम्मको छ लेन बाटो पनि छ, त्यो १४ किलोमिटरमा उहाँहरूको लगानी अनुमान दुई अर्ब बजेट अध्ययन अनुसन्धान गर्न हामी तत्काल टेण्डर गरेर काम अगाडि बढाउने छौं ।

अहिले गौरीफन्टा नाका भैरहवा, वीरगञ्ज जस्तो अन्तर्राष्ट्रिय नाका हुँदैछ । एडीबीले चिसापानीदेखि गड्डाचौकीसम्म चार लेनको सडक बनाइरहेको छ । गोदाबरीमा प्रदेश सरकारले राजधानी बनाउन लागिरहेको छ। अत्तरिया सेन्टर सिटी हुँदैछ। त्यसभन्दा यता आइसकेपछि गेटा स्वास्थ्य विज्ञान विश्वविद्यालय बन्दैछ । त्यसपछि यता धनगढी सुदूरपश्चिमकै सबैभन्दा ठूलो शहर हो। धनगढीमै अन्तर्राष्ट्रिय क्रिकेट मैदान निर्माण गर्न डीपीआर पनि भइसकेको छ। यति भएपछि रेलको सबैभन्दा राम्रो सम्भावना भएको क्षेत्र नै यही हो ।

**सधैँ चर्चामा आइरहने गेटा मेडिकल कलेजको सन्दर्भलाई प्रदेश सरकारले कसरी हेरेको छ ?**

गेटा मेडिकल कलेजको संरचना बनाउन पहल गर्ने, त्यसको लागि बजेट उपलब्ध गराउने र सबै गर्ने अहिलेका पार्टी सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा नै हो। कहिले मेडिकल कलेज बनाउने, कहिले प्रतिष्ठान बनाउने, कहिले विश्वविद्यालय बनाउने भन्ने विषयमा छलफल भएको हो । जुन व्यक्ति अहिले विश्वविद्यालय बनाउनुपर्छ भनेर आन्दोलन गरिरहेका छन्, केही समयअघि उनीहरु नै प्रतिष्ठान बनाउनुपर्छ भनेर आन्दोलन गरिरहेका थिए । अहिले प्रधानमन्त्रीले त्यसलाई विश्वविद्यालय बनाउनुपर्छ भनिसक्नु भएको छ । अहिले यो विश्वविद्यालय बनाउने चरणमा छ ।

राजनैतिक पूर्वाग्रही ढंगले प्रतिशोध साँध्नलाई हामीविरुद्ध लाग्ने कुरा पनि भइरहेको हामीले देखिरहेका छौं। २०७९ सालकै निर्वाचनमा आरजु राणा देउवा धनगढीमा निर्वाचन लड्ने चर्चा चलेसँगै यहाँ आन्दोलन सुरु भएको थियो । फेरि उहाँ समानुपातिकमा जानुभएको भन्ने थाहा पाएपछि अनसन त्यसै सकिएको थियो। गेटा अहिले यहाँ राजनीति गर्ने थलो भइरहेको छ । अरूको जे-जस्तो योजना भए पनि हाम्रो चाहना भनेको गेटालाई विश्वविद्यालय बनाउने हो। सरकारको नीति पनि त्यही हो। साउनको पहिलो हप्ताबाट अस्पताल सुरु हुन्छ। त्योसँगै मेडिकल विश्वविद्यालयको काम पनि अगाडि बढिरहेको छ। त्यसलाई ठूलो इस्यु बनाएर यसले गर्ला भनेर उसले गर्दा बनेन भन्नुको केही अर्थ राख्दैन।

**अन्त्यमा, सुदूरपश्चिमका जनतालाई केही भन्न चाहानुहुन्छ ?**

जुन अहिले बजेटप्रति जनतालाई भ्रम फैलाउने खालका टिकाटिप्पणी भइरहेका छन्, यी सबै भ्रम हुन्। सुदूरपश्चिम प्रदेश सरकारले ल्याएको बजेट कार्यकर्तामुखी तथा वितरणमुखी छैनन्। प्राथमिकतामा पर्नुपर्ने सबै क्षेत्रलाई बजेटले समेटेको छ। सम्पुर्ण आम सुदूरपश्चिमेली जनतालाई भ्रममा नपर्न आग्रह गर्दछु ।

मध्यान्ह दैनिकका लागि लेख, विचार र टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । - सं.

# रुस–युक्रेन युद्धको पाँच सय दिन अझै युद्ध अन्त्यको छैन आभास



**काठमाडौं/एजेन्सी–** युक्रेनमा रूसी आक्रमणको पाँच सय दिन बित्दा पनि युद्ध अन्त्य हुने कुनै आभाष महसुस नगरिएको त्यहाँका सर्वसाधारणले बताएका छन् । युद्ध सुस्ताउनुको सट्टा चर्किंदै जाँदा युक्रेनी सेना पर्याप्त हातहतियार र गोलाबारुदको अभावबीच यसका मुख्य शहरहरू निरन्तर खतरामा परेपनि आफ्नो पदीय दायित्व पूरा गर्न रूसी आक्रमणको प्रतिरोध गर्दै बिस्तारै अघि बढिरहेका छन् ।

जुन महिनाको शुरुदेखि नै युक्रेनको सेनाले पूर्व र दक्षिणमा रूसी सेनाले कब्जा गरेको क्षेत्र पुनः कब्जा गर्न आक्रमण गरिरहेको छ । आक्रमणबाट क्षति व्यहोरेको रूसी सेनाले क्रूर प्रतिरोध गरिरहेको छ ।

दक्षिणी युक्रेनको निकोपोल शहरकी ७३ वर्षीया अवकाशप्राप्त शिक्षिका एन्टोनिना मोराखोवस्काले भनिन्, 'रूसी सेनाले बलियो किल्ला निर्माण गरेका छन्, उनीहरूसँग धेरै उपकरणहरू छन् । म देख्छु हाम्रो सेना कसरी अगाडि बढ्छ । यो बर्षामा उनीहरूका लागि सजिलो छैन । हाम्रा लागि लडिरहेका तिनीहरूको भविष्यबारेमा म सधैं सोच्छु । तर के गर्ने कमजोर परिस्थितिले युक्रेनलाई घाटामाथि घाटा भइरहेको देखाउँछ । यो सत्यको लागि लडाईं हो । जीत कठिन छ तर हामी कुनै दिन अवश्य जित्नेछौं ।'

पश्चिमी सैन्य सहायताको रूपमा अर्बौं युरो प्राप्त गरेता पनि युक्रेनी सेनाले आक्रमण शुरु भएदेखि लगभग एक दर्जन गाउँहरू र केही सय वर्ग किलोमिटर क्षेत्र मात्र फिर्ता लिन सफल भएको छ ।

गत वर्ष युक्रेनको सेनाले गत सेप्टेम्बरमा खार्किभ क्षेत्रको नौ हजार वर्ग किलोमिटर र नोभेम्बरमा खेरसन क्षेत्रको पाँच हजार वर्गकिलोमिटर क्षेत्र पुनः कब्जा गरेको थियो ।

युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले आगामी हप्ता हुने नेटो शिखर सम्मेलनको पूर्वसन्ध्यामा पश्चिमा शक्तिलाई लामो दूरीका हतियार र एफ-१६ लडाकू विमानका लागि दबाब दिएका छन् । 'आक्रमण तीव्र गतिमा हुँदैन, यो सत्य हो । तर पनि हामी अगाडि बढिरहेका छौं,' यसै साता प्रागको भ्रमणका क्रममा राष्ट्रपति जेलेन्स्कीले भनेका थिए ।

# पाकिस्तानमा बाढी,पहिरो र डुबानमा परी ६७ जनाको मृत्यु



**काठमाडौं/एजेन्सी–** पाकिस्तानको राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरण (एनडीएमए) का अनुसार पाकिस्तानमा प्रि-मनसुन शुरु भएयता वर्षाका कारण भएका छुट्टाछुट्टै दुर्घटनामा परी ६७ जनाको मृत्यु हुनुका साथै १ सय २५ जना घाइते भएका छन् । देशको पूर्वी पञ्जाब प्रान्तमा वर्षाका कारण सबैभन्दा बढी ४३ जनाको मृत्यु हुनुका साथै ८२ जना घाइते भएको र प्रान्तीय राजधानी लाहोरसहित प्रान्तमा आएको भारी वर्षाका कारण ३१ घर पनि भत्किएको एनडीएमएले जनाएको छ ।

लाहोरका कार्यवाहक मुख्यमन्त्री मोहसिन नकवीले 'अहिलेसम्मकै उच्च' मानिएको लाहोरको वर्षाका कारण सहरको नगर क्षेत्रमा बाढी आएको र धेरै क्षेत्र जलमग्न भएका थिए र घण्टौंसम्म सडक यातायात अवरुद्ध भएको थियो ।पानी तथा सरसफाई निकायले सार्वजनिक गरेको तथ्यांकअनुसार जुलाई ४ मा शहरका केही भागमा २९१ मिलिमिटरसम्म वर्षा भएको थियो ।

# भारतको अध्यक्षतामा शांघाई सहयोग संगठनको शिखर सम्मेलन सम्पन्न



**काठमाडौं/एजेन्सी–** भारतले कूटनीतिक चलाखी एवम् सुझबुझका साथ शांघाई सहयोग संगठन (एससीओ)को २३औं शिखर सम्मेलन सफलतापूर्वक सम्पन्न गरेको छ । प्रारम्भमा सदस्य देशका राष्ट्र प्रमुखहरूको भौतिक उपस्थितिमा शिखर सम्मेलन आयोजना गर्ने निर्णय गरेर सबै तयारी भइरहेका बेला नयाँदिल्लीले त्यसलाई 'भर्चुअल' ढाँचामा ढाल्ने अप्रत्याशित घोषणा गर्‍यो । शुरुमा यो निर्णयले केही निराशा निम्त्याएको भए पनि त्यसको कारण थियो- चीन र पाकिस्तानसँगको उसको सम्बन्ध र अमेरिकासँग घनिभूत भएको द्विपक्षीय दोस्तीमा रुसी राष्ट्रपतिलाई भारत निम्त्याएर वासिङ्टनसँगको रणनीतिक साझेदारीमा तुषारापात हुन नदिने ।

शिखर सम्मेलनमा चिनियाँ राष्ट्रपति सि जिनपिङको भौतिक सहभागिता सुनिश्चित नहुनु नै बैठकलाई भर्चुअल ढाँचामा परिवर्तन गरिएको हुनुपर्छ । चीन, रुस, इरान र बेलारुसका राष्ट्रपति भारत आएर प्रधानमन्त्री नरेन्द्र मोदीसँग काँधमा काँध मिलाएको हेर्न अमेरिकासहितका भारतका रणनीतिक साझेदार युरोपेली देश चाहदैनन् र त्यसले भारतको पक्षमा सकारात्मक सन्देश प्रवाह गर्दैन भन्ने बुझेर नै अप्रत्यक्ष रुपमा सम्मेलन आयोजना गरिएको हो । प्रधानमन्त्री मोदीको हालै सम्पन्न अमेरिकाको सफल भ्रमणपछि नकारात्मक सन्देश प्रवाह हुने गरी अमेरिकाका कट्टर विरोधी नेतालाई भारतमा स्वागत गर्न नहुने कूटनीतिक चलाखी साउथ ब्लकले गरेको हो ।

सन् २०२० को जुनमा भएको गलवान झडपपछि भारत र चीनबीचको 'असामान्य' सम्बन्धलाई ध्यानमा राख्दै सी जिनपिङको भ्रमणलाई उचित रूपमा व्यवस्थापन गर्न भारतीय नेतृत्वलाई असहज हुने थियोभने फेब्रुअरी २०१९ मा पुलवा हमलापछि बिग्रिएको पाकिस्तानसँगको सम्बन्ध त्यसै वर्षको अगस्टमा भारतको संविधानले जम्मुकश्मीरलाई प्रदान गरेको 'विशेष स्थान'को खारेजीले संवादहीनतामा पुर्‍याएको थियो ।

पाकिस्तानको आदेशमा दुवै देशका उच्चायुक्त फिर्ता भएपछि नयाँदिल्ली र इस्लामावादबीच संवाद भएको छैन यस्तो विषम परिस्थितिमा प्रधानमन्त्री शेहबाज शरीफलाई रातो कार्पेटमा स्वागत गर्न मोदीको मन कसरी मान्थ्यो र रुमाथि उल्लिखित नेताहरूको उपस्थितिमा सम्मेलन आयोजना गरिएको भए सम्बन्धित देशसँगका द्विपक्षीय मुद्दालाई नै सञ्चारमाध्यमले उठाउथे जसले वर्षौंपछि भारतले पाएको संगठनको अध्यक्षता र उसले गरेका कामलाई ओझेलमा पार्थ्यो ।


## साउदीमा रोजगारको अवसर | कम्पनी: SAMA SALALAH CONTRACTING EST
शहर: Saudi Arabia, Najran

पूर्व स्वीकृत मितिः २०८०/०३/१० चलानी नं.: ६०२०३६४२ LT. No.: 288338

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electric Buildings | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४५,६४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Heavy Truck Driver | 2 | 0 | | 1800 | ६३,१९८ | | | | | | | |
| 3. | Market Seller | 5 | 0 | | 1300 | ४५,६४३ | | | | | | | |
| 4. | Plumber | 1 | 0 | | 1300 | ४५,६४३ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार ३१ गते (16 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**New Shristi Overseas Pvt.Ltd.** Govt. Lic No.: 1036/073/074
New Baneshwor, Kathmandu, Nepal, फोनः ४१०५१२५, फ्याक्सः ४४८८०८५
Email: info@newshristiovs.com, shristinewoverseas@gmail.com, Website: www.newshristiovs.com



### सुन्दरहरैंचा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
विराटचोक, मोरङ
कोशी प्रदेश, नेपाल

**सुन्दरहरैंचा नगरपालिकाको जनहितमा जारी सन्देश**

- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरू अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- आफ्नो टोल बस्तीमा हुने विकासका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सदैव जागरुक बनौं ।
- घरमा उत्पादन हुने फोहोरलाई कुहिने र नकुहिने छुट्याएर राखौं । कुहिने फोहोरबाट घरमै मल निर्माण गरौं ।
- हाम्रो टोल, बस्तीको सफाईले हाम्रो सभ्यताको परिचय दिन्छ । आफ्नो घर, टोल र सार्वजनिक क्षेत्र सदैव सफा राखौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर नगरपालिकामा बुझाउने गरौं ।
- नगरबासीको नाताले खुल्ला स्थानमा दिशा गर्नु लाजमर्दो काम हो । तसर्थ सबैले शौचालय निर्माण गरी प्रयोग गरौं ।
- नगरपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासो देखाउनु हुन्छ, नगरपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- बालश्रमको प्रयोग नगरौं । नगरपालिकालाई बालश्रममुक्त नगर बनाऔं । सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पति हुन्, बालबालिकाको लालन, पालन र शिक्ष दिक्षमा ध्यान दिऔं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।



### प्रदेश सरकार
### स्वास्थ्य मन्त्रालय
### प्रदेश जनस्वास्थ्य प्रयोगशाला
कोशी प्रदेश विराटनगर

**आधिकारिक प्रतिनिधि (बिक्रेता) मा सुचिकृत हुने बारे सूचना**

**सूचना प्रकाशित मिति : २०८०/०३/२४**

यस प्रयोगशालमा रहेका निम्न अनुसारको मेसिन उपकरणमा प्रयोग हुने किट्स, केमिकल्स एसेसरिज्स तथा पार्ट्स पुर्जाहरु र मर्मत सम्भार सम्बन्धी परामर्श सेवाहरु प्रोप्राइटरी मालसामान (Close Item) को रुपमा आ व ०८०-८१ मा खरिद गर्नका लागि सम्बन्धित उत्पादक कम्पनीका आधिकारिक बिक्रेता (प्रोप्राइटर) हरुको सार्वजनिक खरिद एन २०६३ को दफा ४१ को १ (ग) एवं सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ (६) बमोजिम सुचिकृत हुन इक्छुक कम्पनि/ फर्महरुले नवीकरण सहितको फर्म दर्ता प्रमाणपत्र, मु. अ. कर दर्ता प्रमाणपत्र, सम्बन्धित कम्पनीको अधिकारिक बिक्रेता भएको पत्र, पछिल्लो आ.व को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सहित देहाय बमोजिम उल्लेखित मेसिनमा लाग्ने किट्स, कन्जुमेबल्स, केमिकल्स एवं मुख्य मुख्य पार्ट्स पुर्जा (System pack reagent and disposables) हरुको दररेट सहित यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र सुचिकृत हुन यो सूचना प्रकाशित गरिएको छ ।

| SN | NAME OF INSTRUMENTS |
|---|---|
| 1 | Advance Chemiluminescence immunoassay Roche Hitachi COBAS 6000, E601 |
| 2 | Automated Nucleic Acid Purification system Biotech corporation A4101-96 |
| 3 | Fully Automated real time PCR Machine, BD, BD MAX |
| 4 | Automated Nucleic Acid Purification system thermoscientific,king fisher Duo prime |
| 5 | Automated CD4 cell counter, BD, BD FACSPRESTRO |
| 6 | Fully Automated thermal cycler Roche Diagnostic, Light cycler 480 |
| 7 | Fully Automated Bio-chemistry analyser, Beckman coulter AU 480 |
| 8 | Fully Automated Lyophilyser, Labconco |
| 9 | Fully Automated Haematology (5 parts) cell counter Beckman coulter DXH 900 |
| 10 | High Performance Liquid Chromatography, (HPLC), BIORAD, D-10 |
| 11 | Haematology Cell counter (3parts) Horiba, ABX micros ES60 |
| 12 | Electrolyte Analyser isence, iSMART 30 PRO |
| 13 | Fully Automated specific protein analyser, Gold site GPP-100 |
| 14 | Semi Automated Specific protein analyser, Genrui PA50 |
| 15 | BD Bactec, FX40 |
| 16 | Automated tissue Embedding Sakura, Tissue Tek-Tec6 |
| 17 | Automated Tissue Processor, Thermo scientific, Excelsior AS |
| 18 | Gene Xpert DX-6.4 10 colour, Cepheid |
| 19 | Fully Automated Electrolyte Analyser JOKOH, EX-D |
| 20 | Fully Automated Chemiluminescence immunoassay System, Snibe Diagnostic, Maglumi x3 |
| 21 | Semi automated Coagulation Analyser- CoaDATA-504 |
| 22 | Automated Microtome, Thermo Scientific, HM 355S |

उल्लेखित समान आपूर्ति गर्ने एक भन्दा बढी सोहि कम्पनीका अधिकारिक बिक्रेताको दररेट पेस हुन आएमा आइटम वाइज मूल्यांकन गरि कम दररेट कबोल गर्ने आपूर्तिकर्तासँग सम्झौता गरि आपूर्तिको व्यवस्था गरिने छ। आवस्यक कागजात पेस नगरेका र म्याद नाघी आएका निवेदन उपर कुनै कारवाही गरिने छैन। बिस्तृत जानकारीका लागि यस प्रयोगशालमा सम्पर्क राख्न सकिने छ।



### नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको तपशिलमा उल्लिखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना
(प्रकाशित मिति २०८०/०३/२४)

तपशिलमा उल्लिखित ऋणीहरुले यस बैंक(साबिक नेपाल ईन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)बाट उपभोग गर्नुभएको क्रेडिट कार्ड कर्जा सुविधाको समय-समयमा तिर्नु/बुझाउनुपर्ने रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणीहरुलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जा साँवा, व्याज, किस्ता र हर्जाना व्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जा चुक्ता भुक्तानी गर्नुहुन यो **३५ (पैतिस) दिने सार्वजनिक सूचना** प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, व्याज, किस्ता र हर्जाना व्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ । अन्यथा, ऋणी र बैंकबिच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वितीय संस्था सम्बन्धी ऐन २०७३ तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

| ऋणीहरूको विवरण | ऋणीहरूको विवरण |
|---|---|
| **१) ऋणी : अजित कुमार पटेल**<br>(ना.प्र.नं. ०३१८२६६५, मिति २०७२/१०/१८ मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>ठेगाना : सौराहा, पर्सा<br>बाबु : दुरेन्द्र प्रसाद कुर्मी<br>बाजे : अयोधा प्रसाद | **२) ऋणी : सन्तोश भण्डारी**<br>(ना.प्र.नं. १९-०२-७३-००३७७, मिति २०७३/०१/२३ मा जि.प्र.का. सर्लाहीबाट जारी भएको)<br>ठेगाना : लालबन्दी, सर्लाही<br>बाबु : शहदेब भण्डारी<br>बाजे : माया नाथ भण्डारी |
| **३) ऋणी : बिमलेस कुमार ठाकुर**<br>(ना.प्र.नं. ७८६४३४४२, मिति २०७३/०१/०२ मा जि.प्र.का. महोतरीबाट जारी भएको)<br>ठेगाना : रतौली, महोतरी<br>बाबु : सुरेश प्रसाद ठाकुर<br>बाजे : निरञ्जन ओझा | **४) ऋणी : बिपिन्द्र श्रेष्ठ**<br>(ना.प्र.नं. ११७५/१७९२८, मिति २०४९/०६/०४ मा जि.प्र.का. काठमाडौंबाट जारी भएको)<br>ठेगाना : बाफल, काठमाडौं<br>बाबु : बैकुंण्ठ श्रेष्ठ<br>बाजे : पुर्ण मान श्रेष्ठ |
| **५) ऋणी : सुरोज रन्जीत**<br>(ना.प्र.नं. ५४११२, मिति २०४८/०७/१४ मा जि.प्र.का. ललितपुरबाट जारी भएको)<br>ठेगाना : सुनाकोठी, ललितपुर<br>बाबु : चेत्य नारायण रन्जीत<br>बाजे : पुर्ण मान रन्जीत | **६) ऋणी : राजन कुमार खत्री**<br>(ना.प्र.नं.१५५३६५५, मिति २०५०/७/१६ मा जि.प्र.का. रामेछापबाट जारी भएको)<br>ठेगाना : भण्डार, रामेछाप<br>बाबु : ज्ञान बहादर क्षेत्री<br>बाजे : मोती बहादर खत्री |
| **७) ऋणी : रमेशा पन्थी**<br>(ना.प्र.नं. २७४३, मिति २०५३/१२/१० मा जि.प्र.का. गुल्मीबाट जारी भएको)<br>ठेगाना : खहरेखोला, गुल्मी<br>बाबु : गोपाल प्रसाद पन्थी<br>बाजे : जिवनाथ पन्थी | **८) ऋणी : खुम बहादर खड्का**<br>(ना.प्र.नं. ६६१०६५/१६, मिति २०६३/१२/०४ मा जि.प्र.का. बाँकेबाट जारी भएको)<br>ठेगाना : धतेनपुर, बाँके<br>बाबु : दिल्ली बहादुर खड्का<br>बाजे : भुपाल सिह खड्का |
| **९) ऋणी : लक्ष्मी बिश्वकर्मा**<br>(ना.प्र.नं. १३१०१४/६२, मिति २०६४/०५/०३ मा जि.प्र.का. ओखलढुङ्गाबाट जारी भएको)<br>ठेगाना : रामबजार, ओखलढुङ्गा<br>बाब : लक्ष्मी नारायण कामी<br>बाजे : हर्क बहादर बि.क | **१०) ऋणी : एक बहादुर बिश्वकर्मा**<br>(ना.प्र.नं. ६८६, मिति २०५३/०३/२ मा जि.प्र.का. ओखलढुङ्गाबाट जारी भएको)<br>ठेगाना : रामबजार, ओखलढुङ्गा<br>बाबु : हर्क बहादुर बिश्वकर्मा<br>बाजे : भिम बहादर बिश्वकर्मा |

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.
**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np, वेबसाइट: www.nimb.com.np



NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
बुद्धचोक शाखा, सिद्धार्थनगर नगरपालिका, रुपन्देही
सम्पर्क फोन: +९७७-०७१-५७११४७/५७११४८

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**


लिखितम् श्री बद्रि चमारकी नातिनी, सुटुर चमारकी छोरी, लुम्बिनी प्रदेश रुपन्देही जिल्ला, ओमसतिया गा.पा. वडा नं. ०४ बस्ने ५५ वर्षकी श्रीमती प्रमीला चमारको मिति २०७९/१२/२२ (ई.सं. ०५/०४/२०२३) मा मृत्यु भएकोले स्व. प्रमीला चमारको पति हाल ओमसतिया - ०४ बस्ने श्री जय प्रकाश चमारले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको बुद्धचोक शाखा, सिद्धार्थनगर नगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि

# बक्स अफिस समाचार

# ‘सिनेमा क्षेत्रलाई बचाउन हामी सचेत हुनुपर्छ’

विगत तीन दशकदेखि रंगमञ्च, टेलिफिल्म, सेलुलाइट फिल्म आदिमा अभिनय तथा बागबजारमा प्रतिभा कला मन्दिर, युनेस्को क्लब, चेतना मञ्च र हाल जि.ओस्कार क्रियशन नामक संस्थाको प्रोफाइलमा नृत्य र अभिनय प्रशिक्षण दिँदै आएका लेखक, निर्देशक तथा कलाकार रामकाजी घिमिरे काभ्रे बेथानचोक गाउँपालिका साबिक ६ र हाल २ नम्बर वडाका बासिन्दा हुन् । पछिल्लो कोरोना महामारीका कारण बाटुलेघर डिल्लीबजारस्थित अफिस खोलेर सिनेमा मेकिङ, स्कृप्ट राइटिङ, डकुमेन्ट्री, सडक नाटक, सिरियल, लघु सन्देश आदि लेखन र निर्देशनमा क्रियाशील रहेका घिमिरेले शुरुवाती दिनदेखि ५०-६० स्टेज नाटक, पाँच सयजति सडक नाटक आफैंले लेखन, निर्देशन तथा अभिनय गरेका छन् । त्रिदेव, शिवा द लिडर उनले निर्देशन गरेका चलचित्र हुन् । बहुचर्चित टेली सिरियल मन, भावना, देवी, चेतना, तितो सत्य आदि टेली सिरियलमा अभियन गरेका छन् । उनै **रामकाजी घिमिरे**सँग मध्यान्ह दैनिकका लागि **सानु श्रेष्ठ**ले गरेको कुराकानीको सम्पादित अंश :



**तत्काल के को तयारीमा हुनुहुन्छ ?**

तत्काल सिरियल र केही लघु सन्देश लेखन निर्देशन गर्दै छु र सन्ध्या, कुल खान्दान, टुहुरो, घर संसार, सिरियलको लेखन र एक दुई वटा ठूलो पर्दाका लागि कथा बुन्ने काम भइरहेको छ ।

**वर्तमान अवस्थामा सिने क्षेत्रलाई कसरी हेरिरहनुभएको छ ?**

हाल नेपाली सिनेमा जगत उत्साहजनक छैन । तर केही प्रोडक्सनको कामले हरेस खाने स्थितिमा पनि पुऱ्याएको छैन, भनाइको मतलव वर्षमा पाँच सातवटा सिनेमाले नेपाली सिनेमा जगतलाई डोहोऱ्याइ रहेको छ । यो क्रम घट्दै गयो भने चाहिँ दुःख लाग्दो अवस्था आउन सक्छ नत्र आशा गर्ने ठाउँ छ ।

**२०७६ सालमा तपाईं निर्देशित फिल्म ‘शिवा’ प्रदर्शनमा आएयता अहिलेसम्म कुनै फिल्म आएजस्तो लाग्दैन, फिल्म नपाएर कि आफैंले नगार्नु भएको ?**

त्यसमा चाहिँ दुई वटै भन्नु पर्ने अवस्था छ । म सिनेमा मेकर हुँ, व्यवसायी होइन, त्यसैले म सिनेमा निर्माणमा लेखक वा निर्देशक या त अभिनेता भएर काम गर्न सक्छु । तर लगानी गर्ने हैसियतमा भने आजको मितिसम्ममा छैन । त्यसैले मसँग राम्रा, नराम्रा सिनेमाका लागि चाहिने पहिलो आधार स्कृप्ट पाण्डुलिपि दुई चार थान तयारी अवस्थामा छन् । तर लगानिको अभावमा पर्खिनुको विकल्प छैन । तर पनि हार खाएको छैन म यही सिनेमा मेकिङमै व्यस्त छु, चाहे सानो पर्दाकै किन नहोस् ।

**तपाईंको विचारमा सही चलचित्रको रूप उजागर हुनुमा के-के आवश्यक पर्दछ ?**

मेरो विचारमा चलचित्र गलत कुनै पनि हुन सक्दैनन्, पूर्ण र अपूर्ण दक्ष, अदक्ष हुन सक्छन् । तर पनि एउटा सही अर्थको चलचित्र छान्नु पर्दा नेपाली समाजको तस्वीर झल्केको, कथा पटकथा र संवादमा न्याय भएको निर्देशक तथा लेखकले तयार पारेको पाण्डुलिपिलाई न्याय दिन सकेको, हारपछि जित भएको समाजलाई सतमार्गको बाटो हिँड्न अभिप्रेरित गरेको, हरेक वर्ग र समुदायको मर्ममा छोएको सिनेमा नै सफल सिनेमा हुन्छ भन्ने मेरो मान्यता छ । त्यसमा निर्माणको हरेक पक्षमा दक्षताको कुराले भर पार्छ है । अब मेकर नै दक्ष छैन भने चाहिँ लेखकले जति उत्कृष्ट स्कृप्ट तयार पारेपनि सही सिनेमाको रुपमा त्यो आउन सक्दैन ।

**स्टारडम, चलचित्र निर्माणमा लगानी अत्यधिक बढ्नु र लगानी सुरक्षित नहुनुको कारण ?**

त्यसको कारण अदक्षता नै हो । सिनेमा बनाउने भनेर ठूलो लगानीकर्तालाई रिजाएरमात्र हुन्छ त ? सिनेमा त दक्ष मेकरको सिर्जना पो हो त । हावाको तालमा एसिष्टेन्टको भरमा निर्देशनमा हाम फालेर ठूलो मान्छे मात्र बन्ने होडमा सिनेमा बनाएपछि त असफल सिनेमा बन्ने नै भयो, त्यही भएको हो । स्टारडमले बिचरा के गर्नु ।

**पछिल्लो समय निर्मित चलचित्र दर्शक रुचीको नभएको कि बनाउन नसकेको ?**

दर्शकलाई मन नपरेको होइन, चलचित्रै अपूर्ण, अपरिपक्वताका मेकरले निर्माण गरेपछि दर्शकले कसरी मन पराइदिनु ।

**शुक्रबारमात्र नयाँ फिल्म रिलिज हुन्छ, नेपालको सन्दर्भमा कतिको सान्दर्भिक देख्नुहुन्छ ?**

त्यो चाहिँ विश्वकै धेरै देशमा प्रायः शुक्रबार नै नयाँ सिनेमा रिलिज गर्ने परम्परा नै बनेको छ । नेपालको हकमा पनि शुक्रबार हाफ बिदा हुने र भोलि पल्ट शनिबार पुरै बिदा हुने हुनाले यो प्रचलन चलाइएको होला, यसबारेमा त म ठिकै ठान्छु ।

**लेखक, निर्देशक र कलाकार पनि हुनुहुन्छ, यी तीन विधामध्ये कुन सजिलो ?**

म अभिनेता बन्ने भनेरै शुरुमै अभिनय, नृत्य सिकेर होमिएको मान्छे हुनाले अभिनय नै मेरो पहिलो रुचीको विधा हो । यो लेखन र निर्देशन त त्यही अभिनयसँग जोडिएर आएको काम न हो ।

**कला क्षेत्रबाट दैनिकी चलाउन कठिन बन्दैछ, वैकल्पिक बाटो अंगाल्नुभएको छ कि ?**

मेरो हकमा विकल्प नै यही अभिनयको साथसाथै लेखन, निर्देशन, अभिनय प्रशिक्षण, सडक नाटक, लघु सन्देश लेखन निर्देशन अर्थात रंग कला क्षेत्रमा भएको प्रायः सबै विधामा म क्रियाशील छु र ती सबै काम गरिरहेकै छु । यसरी मैले चाहिँ कलाक्षेत्रको आयआर्जनबाटै आफू र आफ्ना परिवारलाई पालिरहेको छु । अरु जोगाड भनेको त्यस्तै हो अरु काम गर्न जानेकै छैन के गर्नु । बरु श्रीमती तथा छोरीहरुले चाहिँ हल्का सघाउन थालेका छन् ।

**लेखक, निर्देशक भएको नाताले अबको सिनेमा कस्तो हुनुपर्छ ?**

अबको सिनेमा भनेको समय सापेक्षित हुनै पऱ्यो र संसारमा कस्ता ढाँचाका सिनेमा कुन मेथडले निर्माण भइरहेका छन् त्यही सुत्रलाई अंगालेर नेपाली समाज परिवेश झल्कने सिनेमा बन्नुपर्छ भन्ने नै लाग्छ ।

**चलचित्र विकास बोर्डले कलाकर्मीको हकहित र समग्र सिने क्षेत्रको विकासका लागि भन्दै विभिन्न शीर्षकमा आर्थिक खर्चंदै आइरहेको छ, के यो उपलब्धिमूलक ठान्नुहुन्छ ?**

चलचित्र विकास बोर्ड जे गर्नुपर्ने उद्देश्यले स्थापित भएको थियो त्यो गर्न सकेको जस्तो लाग्दैन । तर कोसिसमा छ भन्नुपर्छ । हाम्रो देशको नीतिकै उपज होला त्यो । जहाँसम्म सिनेकर्मीको हक हितको लागि भन्ने कुरा छ त्यसमा चाहिँ सरकारले मुन्टो लुकाएकै छ । यो वार्षिक दुई चार करोडले हामी लाखौं सिनेमा कर्म गर्नेहरुलाई राहत दिन सक्दैन । बाँकी चाहिँ हाम्रो चलचित्र सम्बद्ध संघ संस्थाहरुको पनि क्रियाशीलतामा भर पर्छ । त्यो राजनीतिले गर्दा सफल हुन सकेको पाउँदिनँ, भोलिका दिनमा आसा गरौं अहिलेलाई राम्रो भएको छ भनेर यहाँ गर्भ पोख्ने ठाउँ छैन ।

**अहिलेकै अवस्था जसरी चलचित्र निर्माणमा कमी हुँदै जाँदा के भविष्यमा पाकिस्तानको सिने उद्योगको जस्तो कल्पना गर्न सकिन्छ ?**

अहिलेकै अवस्थालाई मध्यनजर गरेर त नभनौं, अहिले केही हदसम्म सिनेमा निर्माण भइरहेको छ । तर नहोला भन्न चाहिँ सकिन्न, पाकिस्तानमा के भयो र सिनेमा निर्माण ठप्पै भयो त्यसबारेमा म त्यति दखल छुइनँ । तर नेपालमा सिनेमा नबन्ने या बनेपनि भारतीय सिनेमाको दाजोमा नहुने अवस्था आयो भने चाहिँ निराशातिर जाने हुन सक्छ । यसमा चाहिँ हाम्रा सिनेमेकर अग्रजहरु र सरकारको सम्बन्धित निकाय सचेत हुनुपर्ने हुन्छ, किन भने जथाभावी सिनेमा बन्दा सिने मेकरले काम पाउलान्, तर स्तरीयताका सिनेमा बनेनन् भने चाहिँ भोलि खतरा हुन सक्छ । कम बन्दा फरक पर्दैन तर जति सिनेमा बन्छन् ती सफल सिनेमाको रुपमा आउनुपर्छ । यो कुरामा हामी सचेत हुनुपर्छ सिनेमा क्षेत्रलाई बचाउन ।

**पूरा जीवन सिने क्षेत्रमा समर्पित गरेपनि वृद्धावस्थामा उनीहरुको पक्षमा कुनै निकायबाट सम्बोधन नहुनुलाई कसरी लिनु हुन्छ ?**

त्यो चाहिँ दुःख लाग्दो कुरा छ । हामीले बलिया हुन्जेलमात्र काम गरौंला भोलि थला परेपछि के खाने भन्ने चिन्ता छ । हालका मितिमा विकास बोर्डअन्तर्गतका कल्याणकारी कोषबाट केही सीमित सिनेकर्मीलाई राहत दिइएको छ, त्यो अति अपर्याप्त छ । कोषमा रकम वृद्धि अनिवार्य छ । यो चाहिँ मेरो व्यक्तिगत आग्रह पनि हो, कम्तिमा निजामती कर्मचारी वा सेना प्रहरीका रिटायर्डहरुले पाउने जति मासिक भत्ता निश्चित समयदेखि पाउनुपर्छ । यो मागको वकालतमा म पनि चनाखो छु ।

**अन्त्यमा तपाईंको मनमा खड्केको कुरा ?**

अन्त्यमा म सिनेमा क्षत्रमा प्रवेश गर्दा १८ वर्षको थिएँ, आज ५३ वर्ष नाघे भनौं । मेरो प्रत्यक्ष जीवन यही सिनेमा क्षेत्रमै सकिने संघारमा छ । म पछि आउनेहरुका लागि पनि यो क्षेत्रको विकास अनिवार्य हुँदा यसको बृहत् विकासमा सबै सचेत हौं, सिनेमा क्षेत्रलाई राजनीतिको भूमरीमा न हुलौं, यसलाई नेपाली मौलिक संस्कार संस्कृतिको दस्ताबेज निर्माणको पक्षमा रहन दिउँ र सरकार सरोकारवालाहरुले यसलाई माया तथा सहयोग गरुन् ।

# ११औं नेपाल अफ्रिका फिल्म फेस्टिभल शुरु

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ असार

‘११ औं नेपाल अफ्रिका फिल्म फेस्टिभल-२०२३’ शुरु भएको छ । शनिबारबाट जमलस्थित नाचघरमा अन्तर्राष्ट्रिय ‘११ औं नेपाल अफ्रिका फिल्म फेस्टिभल-२०२३’ शुरु भएको हो । चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसी तथा विभिन्न चलचित्रकर्मीले ‘बुकलेट’ विमोचन गर्दै फेस्टिभल शुरु गरेका हुन् ।



सोमबारसम्म चल्ने यो महोत्सवमा यसपटक १० वटा अफ्रिकी चलचित्र र नेपालका १२ गरी कुल २२ चलचित्र छन् । जसमा अफ्रिकाको ३ वटा बृत्तचित्र, एउटा फिचर फिल्म र ६ वटा सर्ट फिल्म रहेका छन् । १० वटा अफ्रिकी चलचित्रमध्ये फिचर फिल्मतर्फ मोजाम्बियाको फिचर फिल्म ट्रेन अफ द साल्ट एण्ड सुगर छानिएको छ । यस्तै सर्ट फिल्मतर्फ रुवान्डा र स्विजरल्यान्डको सर्ट फिल्म आई गट आई थिङ एण्ड लेफ्ट्, इजिप्टको सर्ट फिल्म द बिल्डर, साउथ अफ्रिकाको सर्ट फिल्म ह्याङ म्यान, फ्रान्सको सर्ट फिल्म शान्ता क्लज डार्क साईड, घानाको सर्ट फिल्म या, केन्या र जर्मनको सर्ट फिल्म वाटु वाटो छानिएको छ । महोत्सवमा बृत्तचित्रअन्तर्गत जिम्बावेको बृत्तचित्र कलिङ द डेड, युगान्डाको बृत्तचित्र समबडी क्लाप फर मी र केन्याको बृत्तचित्र थ्याँक्यु फर द रेन रहेका छन् ।

महोत्सवमा नेपालबाट चार वटा फिचर फिल्म, तीन वटा सर्ट फिल्म, तीन वटा स्टुडेन्ट फिल्म र दुई वटा बृत्तचित्र प्रदर्शनका लागि छानिएका छन् । फेस्टिभलका लागि छानिएको फिचर फिल्ममा दिनेश राउत निर्देशित प्रकाश, परिच्छेद सेन निर्देशित प्रेमगञ्ज, शम्भु थापा निर्देशित हुक्का र रोशन कुमार श्रेष्ठ निर्देशित भाग्य रहेका छन् । यो फेस्टिभललाई छानिएको सर्ट फिल्ममा डब्बु क्षत्री निर्देशित परिवर्तन, सुमन दाहाल निर्देशित परिवार, प्रधुम्न मिश्र निर्देशित दुविधा रहेका छन् । स्टुडेन्ट समूहको सर्ट फिल्म प्रतिस्पर्धामा सुन्दर योञ्जन निर्देशित ऐजेरु, सामल कुमार बज्राचार्य निर्देशित हावाम्यान र अम्बिका भण्डारी निर्देशित कलुवा रहेको छ । यस्तै बृत्तचित्र तर्फ रोशनी केसी निर्देशित समर्पण र भिमलाल श्रेष्ठ निर्देशित फेरी रहेका छन् ।

नेपाली चलचित्र क्षेत्रमा विभिन्न योगदान पुऱ्याएका १० श्रष्टालाई उद्घाटन समारोहमा सम्मान गरिएको थियो । सम्मानित हुनेमा चलचित्र तथा भिडियो निर्देशक उमेश गुरुङ, नमित चन्द ठकुरी, चलचित्र निर्माता राजकुमार पण्डित, अभिनेता सञ्जय खतिवडा, चलचित्र पत्रकारद्वय विष्णुप्रसाद सुवेदी र सविता पोखरेल, अन्तर्राष्ट्रिय लोकेशन तथा प्रोडक्सन म्यानेजर प्रकाश हमाल, इभेन्ट फोटोग्राफर बद्री थापा, मोडल कलाकार सचिन अधिकारी र मेकअप आर्टिष्ट चन्दा पुन रहेका छन् ।

महोत्सव उद्घाटनका क्रममा जर्मनी निर्माताको फिल्म ‘वाटु वाटो’ प्रदर्शन गरियो । यो फिल्म प्रदर्शन समारोहमा नेपालस्थित जर्मनी दूतावासका प्रतिनिधिको पनि सहभागिता रहेको थियो । ओस्कार अवार्डका लागि यसअघि अफ्रिकाबाट सर्ट फिल्मको सूचीमा उत्कृष्ट पाँचमा यो सिनेमा चयन भएको थियो । महोत्सवमा शनिबार नै रोशन कुमार श्रेष्ठको चलचित्र भाग्य, परिच्छेद सेनको चलचित्र प्रेमगञ्ज, सुमन दाहालको चलचित्र परिवार र अफ्रिकन बृत्तचित्र कलिङ अफ डेड प्रदर्शन गरियो ।

यो फेस्टिभलमा आइतबार दिउँसो साढे १२ बजेबाट २ बजेसम्म ‘नेपाली सर्ट फिल्मको अन्तराष्ट्रिय बजार खोजी’ विषयमा बहस हुँदैछ । यो बसहलाई फेस्टिभल कोअर्डिनेटर चिरञ्जिबी गुरागाईंले संयोजन गर्नेछन् । बहसमा चलचित्र विकास बोर्डका सदस्य राजु केसी, चलचित्र निर्देशक पत्रकार गणेश पाण्डे, निर्देशक मनोज पण्डित र चलचित्र निर्माता सुशान्त श्रेष्ठसँग पत्रकार विष्णु सुवेदीले बहस गर्नेछन् ।

यस्तै कलाकार बीरेन्द्र हमालले आइतबार बिहान साढे ७ बजेबाट दिउँसो २ बजेसम्म रियल्सल हलमा छुट्टै ‘एक्टिङ वर्कसप’ गर्दैछन् । उनले ‘बडी ल्याँग्वेज, फेसियल एक्सप्रेसन र माईम एक्ट’को प्रशिक्षण दिने बताए ।

कलेज अफ जर्नालिजम एण्ड मास कम्युनिकेशनको आयोजना र चलचित्र विकास बोर्ड एवम् विलक्षण क्रियसनको सहआयोजनामा यो महोत्सव भइरहेको छ ।

महोत्सव उद्घाटन गर्दै बोर्डका अध्यक्ष भुवन केसीले नेपाललाई अफ्रिकन मुलुकमा र अफ्रिकालाई नेपालमा चिनाउन यो महोत्सवले पुलको काम गरिरहेको बताए । महोत्सवलाई बोर्डले आगामी दिनमा अझ राम्रो सहयोग गर्ने उनले बताए ।

आयोजक तथा फेस्टिभल अध्यक्ष/डाइरेक्टर डा. मञ्जु मिश्रले आर्थिक अभावका कारण यसपटक अफ्रिकाबाट नेपालमा सिनेकर्मी ल्याउन गाह्रो भएको बताइन् । १३ वर्षअघि धेरै पटक दिल्ली धाएर अनुमति पाएपछि आफूले यो महोत्सव गर्दै आएको उनले बताइन् ।

चलचित्र निर्माता संघका अध्यक्ष नवल खड्काले यस्ता महोत्सवले सिनेमा संस्कृति आदनप्रदानसँगै सिनेमा सिकाउने हुँदा सरकारले महोत्सवलाई आर्थिक सहयोग गर्नुपर्ने बताए । नेपाल चलचित्र कलाकार संघका अध्यक्ष मोहन निरौलाले महोत्सवमा सिनेमा हेर्न र गोष्ठीमा भाग लिन आउन सिनेकर्मी तथा सिनेप्रेमीलाई आह्वान गरे । यस्तै चलचित्र पत्रकार संघका अध्यक्ष समीर बलामी, प्राविधिक संघका अध्यक्ष पुष्कर लामालगायतले पनि महोत्सवको सफलताको शुभकामना दिए ।

महोत्सवमा सहभागी सिनेमामध्ये उत्कृष्ट सिनेमाहरुलाई अवार्ड प्रदान गर्दै सोमबार साँझ ५ बजे महोत्सव सकिने महोत्सवका म्यानेजर डब्बु क्षत्रीले जानकारी दिए ।

# ग्रेस नेपालको विभिन्न सौन्दर्य प्रतियोगिता सम्पन्न

**काठमाडौं/मस–** ग्रेस इभेन्टले आयोजना गरेको मिस ग्रेस नेपाल सिजन थ्री र मिस ग्रेस एसईई सिजन फोरको शीर्ष ताज रीतु कार्की तथा चोनिफाई तामाङले जितेका छन् । काठमाडौंको जमलस्थित राष्ट्रिय नाचघरमा आयोजित प्रतियोगितामा अन्य प्रतिस्पर्धीलाई पछि पार्दै कार्की र तामाङले उपाधि जितेका हुन् ।

युवतीहरुको अन्तरनिहित प्रतिभा उजागर तथा उनीहरुको व्यक्तित्व विकासमा सहयोग पुऱ्याउने उद्देश्यका साथ साइपल एकेडेमीको प्रस्तुतिमा ग्रेस इभेन्टले उक्त प्रतियोगिता आयोजना गरेको हो ।




यस्तै प्रतियोगितामा फष्ट रनरअपमा मनिषा लामिछाने, सेकेण्ड रनरअपमा स्वस्तिका सिग्देल, ब्राण्ड एम्बेसेडरमा प्रशुना भुजेल र फेस अफ ग्रेसमा अनुपा हमाल ठकुरीले ताज जितेका छन् ।

प्रतियोगिताको विधागततर्फ भने मिस ग्रेस नेपालतर्फका विजेता रीतु कार्कीले मिस ऱ्याम्पवाक र मिस बेष्ट फिगरको अवार्ड आफ्नो हातमा पार्दा मिस ग्रेस एसईईतर्फकी विजेता चोनिफाई तामाङले मिस बब्ली र मिस एथलेटिकको अवार्डसमेत हात पारिन् । उक्त प्रतियोगिताको फष्ट रनर अप हुन सफल मनिषा लामिछानेले मिस क्रियटिभ र मिस मल्टिमिडियाको अवार्ड पनि हात पारिन् ।

त्यस्तै स्वस्तिका सिग्देलले सेकेण्ड रनरअपको उपाधिसँगै विधागततर्फको मिस पङ्चुवालिटी पपुलर र भ्युअर्स च्वाइसको अवार्ड जितिन् । ब्राण्ड एम्बेसेडर ताज सँगै प्रशुना भुजेलले मिस ट्यालेण्ट र मिस स्टाइल डेभाको अवार्ड जितिन् । यस्तै फेस अफ ग्रेससमेत भएकी अनुपा हमाल ठकुरी मिस ग्ल्यामरस लुकको अवार्ड जित्न सफल भइन् ।

समाजसेवी तथा ग्रेस इभेन्टका महासचिव पवन कोइराला, फेसन प्रशिक्षक जेनी लगुन तथा व्यावसायिक श्रृंगारकर्ता टेकराज पाण्डेले निर्णायकको भूमिका निर्वाह गरेका थिए । नेपाल स्काउटका निर्देशक रामप्रसाद भट्टराईको प्रमुख आतिथ्यता र चौतारा साँगाचोकगढी नगरपालिकाकी उपमेयर सीता थापाको विशिष्ट आतिथ्यतामा सम्पन्न कार्यक्रमको प्रायोजन स्वीट माला, प्रि डेष्टिनी एजुकेशन कन्सल्टेन्सी, सुकुटे एड्भेन्चर रिसोर्ट, ऱ्यापिटङ स्टार, क्यपिड फोटो स्टुडियो, प्रोजेक्टाइल क्रियशन, द शट स्टेशन, फुर्लिमा फाउण्डेशन, द एभरेष्ट फ्लावर हाउसलगायतले गरेका थिए ।

प्रतियोगितामा सीमा बिष्ट, श्वेता मल्ल ठकुरी, बसन्त रुपाखेती, रवि लामा, नारायण बहादुर थापा, सुश्मिता श्रेष्ठ, सेरप शेर्पा, प्रनिश मान सिंह अधिकारी, युशा मगर, मुस्कान नेवार, जेनिका धिमाल अतिथिका रुपमा रहेका थिए ।

कलाकारहरु सपन श्रेष्ठ, प्रिन्स राज, बिज्जु लिम्बु, मायुल दुलाल र वर्षा अधिकारीको गायन तथा नृत्यको आकर्षक प्रस्तुतिले कार्यक्रमको रौनक अझ बढाएको थियो । प्रतिस्पर्धामा भाग लिनु पूर्व प्रतियोगीहरुलाई कोरियोग्राफर सुशान्त काजी श्रेष्ठले करिब एक महिना तालिम दिएर आफ्नै कोरियोग्राफीमा ऱ्याम्पमा उतारेका थिए भने श्दिवस राज भट्टराई र ऋतिका शाहले कार्यक्रम व्यवस्थापकको जिम्मेवारी निभाएका थिए । कार्यक्रममा आयोजकतर्फ ग्रेस इभेन्टका अध्यक्ष शिसिर टण्डन, सञ्चालक समितिका बिन्द्र प्रजापति, बागमती प्रदेश संयोजक धर्म राज पनेरु, क्रियात्मक प्रमुख सौरभ मल्ल ठकुरी तथा अनिश कार्की, सरला राई, प्रिती तामाङको उपस्थिति रहेको थियो । रोविन तामाङ तथा सुदिक्षा तामाङद्वारा उद्घोषित सो कार्यक्रम व्यवस्थापनको जिम्मेवारी भने ग्रेस इभेन्टका सिईओ सुरज थापाले गरेका थिए ।

उपाधिसँगै विजेताहरुले विभिन्न उपहासमेत प्राप्त गरे भने उपाधि विजेताहरुलाई कार्यक्रमका विशिष्ट अतिथि, निर्णायक, आयोजक संस्थाका प्रमुख एवम् अतिथिहरुले पुरस्कृत गरेका थिए ।

कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि भट्टराईले यस्ता सौन्दर्य प्रतियोगिताले प्रतियोगीहरुको क्षमता अभिवृद्धिमा सहयोग पुऱ्याउने धारणा व्यक्त गर्दै देशका भोलिका कर्णधारलाई प्रोत्साहन मिल्ने खालका यस्ता कार्यक्रमहरुमा सरिक गराउन अभिभावकहरुलाई आग्रहसमेत गरे । त्यस्तै आयोजक संस्थाका तर्फबाट सिईओ थापाले प्रतियोगीहरुको क्षमता र गुणको अभिवृद्धि गरी प्रतिस्पर्धी बनाई मनको सुन्दरतालाई प्रष्फुटन गर्न यस्ता किसिमका कार्यक्रमले मद्दत पुग्ने बताए ।

**साउदीमा रोजगार** | कम्पनी : **SAFWA AL KHALEEZ CONTRACTING COMPANY**
शहर : **Saudi Arabia, Jeddah**

पुर्व स्वीकृत मितिः २०८०/०३/२३ चलानी नं.: ६०२०४३५३ L.T. No.: 288896

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: SR | मासिक तलब: ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ६३,३७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार ३१ गते (16 July 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत पत्र नं. १५३०/०७७/०७८

**रेशनल ओभरसिज प्रा. लि.**
कोटेश्वर-३२, काठमाडौं, नेपाल । फोनः ०१-४६१००२७ । मो.: ९८४१५३२८७६, ९८१४९७७१४०
इमेलः overseasrational@gmail.com | www.rationaloverseasnepal.com

# पुलिस, आर्मी र एपीएफको विजयी शुरुवात



**काठमाडौं/मस–** सातौं प्रधानमन्त्री कप एनभिए महिला तथा पुरुष राष्ट्रिय भलिबल क्लब लिग २०८० शुरु भएको छ। नेपाल भलिबल संघको आयोजनमा राजधानीमा शनिबारबाट शुरु भएको लिगको उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले एक कार्यक्रमकाबीच लिगको उद्घाटन गरे। श्रेष्ठले अन्तर्राष्ट्रिय रेफ्री गौतमप्रसाद लासिवालाई बल हस्तान्तरण गरेर लिगको उद्घाटन गरेका हुन्।

कार्यक्रमको उद्घाटन गर्दै गृहमन्त्री श्रेष्ठले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा भलिबलको विकास र विस्तार गर्न संघले गरेको कार्य प्रशंसनीय रहेको भन्दै सरकारले युवा तथा खेलकुदलाई महत्व दिँदै आएको बताए। पछिल्लो समय खेलकुद क्षेत्रले राज्यको शिर उच्च पार्ने कार्यका लागि राष्ट्रिय खेलकुद परिषद्, खेलाडी तथा राष्ट्रिय संघहरूलाई धन्यवाद प्रदान गरे।

प्रतियोगिताको पहिलो खेलमा महिलातर्फको खेलमा नेपाल पुलिस क्लबले गण्डकी प्रदेशलाई सोझो सेटमा हराउँदै विजयी शुरुवात गरेको छ। राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कभर्डहलमा भएको खेलमा महिलातर्फ पुलिसले गण्डकीलाई २५-१०, २५-१०, २५-११ ले पराजित गर्दै विजयी शुरुवात गरेको हो। पुलिसको जितमा स्पाइकर उषा भण्डारी प्लेयर अफ दी म्याच चुनिइन्।

यस्तै प्रतियोगिताअन्तर्गत पुरुषतर्फको पहिलो खेलमा त्रिभुवन आर्मी क्लबले सैलुङ बागडुङ्गा स्पोर्ट्स क्लबलाई सोझो सोटमा पराजित गर्दै विजयी शुरुवात गरेको छ। राखेपको कभर्डहलमा भएको पुरुषतर्फ पहिलो खेलमा आर्मीले सैलुङलाई २५-८, २५-१३ र २५-१७ ले पराजित गरेको हो।

यस्तै प्रतियोगिताअन्तर्गत पुरुषतर्फ नेपाल पुलिस क्लबले आफ्नो पहिलो खेलमा गण्डकी प्रदेशमाथि रोमान्चक जित हात पारेको छ। पुलिसले गण्डकीमाथि ३-२ को सेटमा जित हात पारेको हो। राखेपको कभर्डहलमा भएको खेलमा पुलिसले २५-२१, २५-१६, १३-२५, २४-२६ र १५-१० को सेटमा जित हात पारेको हो।

त्यस्तै पुरुषतर्फ नै नेपाल एपीएफ क्लबले दावाली मिलन क्लबलाई सोझो सेटमा पराजित गर्दै विजयी शुरुवात गरेको छ। एपिएफले दावालीलाई २५-२२, २५-१३ र २५-२३ को सेटमा पराजित गरेको हो।

प्रतियोगितामा महिलामा ६ टिम र पुरुषमा ७ टिम समावेश गरिएको छ। महिलातर्फ नेपाल पुलिस क्लब, न्यु डायमण्ड स्पोर्टस क्लब, नेपाल एपीएफ क्लब, त्रिभुवन आर्मी क्लब, गण्डकी प्रदेश र एभरेष्ट गरि ६ टिम खेल्नेछन्।

पुरुषमा हेल्प नेपाल, आर्मी, एपीएफ, पुलिस, गण्डकी, दावली मिलन क्लब र शैलुङ बागढुङ्गा गरि ७ टिमले प्रतिस्पर्धा गर्नेछन्। प्रतियोगितामा महिला तथा पुरुषतर्फ प्रथम, द्वितीय, तृतीय र चौथो हुने टिमले क्रमश ६ लाख, ३ लाख, १ लाख ५० हजार र ७५ हजार प्राप्त गर्ने छन्।

# बागमती प्रदेश मोडर्न पेन्टाथलोन संघको कार्यसमितिद्वारा शपथ



**नारायणप्रसाद सुवेदी/मध्यान्ह**
काठमाडौं, २३ असार

बागमती प्रदेश मोडर्न पेन्टाथलोन संघ गठन तथा शपथ ग्रहण कार्यक्रम शनिबार सम्पन्न भएको छ। मोडर्न पेन्टाथलोन संघका केन्द्रीय उपाध्यक्ष गोपाल न्यौपाने, उपमहासचिव इन्दिरा निरौलाको रोहबरमा बागमती प्रदेश कमिटी गठन गरिएको हो। मोडर्न पेन्टाथलोन बागमती कमिटीका अध्यक्ष कमलप्रसाद ढकाल, उपाध्यक्षमा डिलकुमारी नेपाल तथा सदस्यहरुमा सुरेन्द्र सिटौला, कृणप्रसाद लामिछाने, मिलन खड्का, सुष्मा थापा, तिर्थराज गौतम, रिदेश लालसिंह, रविकिरण खड्कालगायत १३ जना चयन भएका थिए। सो अवसरमा संघ केन्द्रीय अध्यक्ष राजु श्रेष्ठले बागमती प्रदेश मोडर्न पेन्टाथलो संघका अध्यक्षसहित कार्यसमितिलाई शपथ ग्रहण गराएका थिए।


## साइप्रसमा वैदेशिक रोजगारको अवसर

कम्पनी: H & R Employment Consultants — शहर: Cyprus,Pafos
पूर्व स्वीकृत मिति: २०८०/०३/२२ — चलानी नं.: ६०२०४३४१ — LT. No.: 289015

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EUR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 4 | 0 | सम्बन्धित काममा दक्ष | 800 | १,१५,३१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Receptionist | 0 | 6 | | 650 | ९३,६९० | | | | | | | |
| 3. | Electrician | 5 | 0 | | 800 | १,१५,३१२ | | | | | | | |
| 4. | Bartender | 5 | 0 | | 700 | १००,८९८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८०/३/३१ गते (16 July 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

GLOBAL RISING PLACEMENT PVT. LTD.
Govt. Lic. No. 1616/079/080
Pingalasthan-9, Goushala, Kathmandu, Nepal
www.globalrisingplacement.com cv@globalrisingplacement.com
01- 5915317 | 5917318 9801316640 | 9801316636



## साउदीमा रोजगार

१. कम्पनी : GH TRANSPORT COMPANY LTD — शहर: Saudi Arabia, Dammam
पूर्व स्वीकृत मिति: २०७९/०७/०२ — चलानी नं.: ६०२०३७३० — L.T. No.: 288391 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 10 | 0 | स. काममा दक्ष | 1800 | ६३,१९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी : Al Bashir Trading & Contracting Company — शहर : Saudi Arabia
पूर्व स्वीकृत मिति: २०८०/०२/२९ — चलानी नं.: ६०२०३६४६ — L.T. No.: 287621 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Drilling Labor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

३. कम्पनी : Basmah Trading & Contracting Est. — शहर : Saudi Arabia
पूर्व स्वीकृत मिति: २०७९/०८/२५ — चलानी नं.: ६०१९३११३ — L.T. No.: 277537 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Equipment Driver | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६३,१९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Road Maintenance Labor | 3 | 0 | | 1000 | ३५,११० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार ३१ गते (16 July 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

Fast Employment Service (P.) Ltd.
Gov. Lic No. 1399/074/075
Kupondole, Opposite Hotel Himalaya, Lalitpur, Nepal
Tel: 5180421, 5180431, Fax: 5180431, Email: fastemployment1399@gmail.com



## साउदीमा रोजगार

कम्पनी : L&T HYDROCARBON SAUDI COMPANY — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७९/०८/२५ — चलानी नं.: ६०१९३०६१ — LT. No.: 277564 — पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 4 | 0 | स. काममा दक्ष | 1000 | ३५,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असार ३१ गते (16 July 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | रु.१०,०००।- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

Sufi International Services Pvt. Ltd.
Gov. Lic. No. 796/065/066
Sinamangal-9, Manpower Bazaar, Kathmandu, Nepal, Tel No.: +977-1-4469691, 4469692
E-mail: sufiintlpvt@gmail.com


## प्रदेश सरकार
## खानेपानी, सिचाई तथा उर्जा मन्त्रालय
## खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, झापा
कोशी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना

**प्रकाशित मिती: २०८०/०३/२४**

यस कार्यालयले तपशिलमा उल्लेखित निर्माण कार्यको लागि मिति २०८०/२/१९ मा राष्ट्रिय दैनिक पत्रिका मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार रित पूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये देहाय अनुसारको बोलपत्र सारभुत रुपमा प्रभावग्राही भएको हुंदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ अनुसार आशय सम्बन्धि सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि. नं | ठेक्का नं | कामको विवरण | छनौट भएको बोलपत्रदाता | स्वीकृत रकम मू.अ.क. सहित |
|---|---|---|---|---|
| 1. | WSSDO/Jhapa/Re-Tender/ PressureFilter/14-2079/80 | The Supply, Delivery and Installation of 2 sets of Pressure Filter at Dharampur-1 and Suryanagar WSP, Jhapa | Adhyouth Construction Pvt. Ltd, Bhaktapur | 89,99,359.23 |

**डिभिजन प्रमुख**

## आँबुखैरेनी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
आँबुखैरेनी, तनहुँ
गण्डकी प्रदेश, नेपाल

### आ.व. २०८०/०८१ को वातावरण शुल्क ठेक्का सम्बन्धी वोलपत्र आह्वानको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८०।०३।२४**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा आँबुखैरेनी गाउँपालिकाको १३औं गाउँसभाको निर्णय बमोजिम आँबुखैरेनी गाउँपालिका, तनहुँको क्षेत्राधिकार भित्र पर्ने देहायका शिर्षकहरुमा आ.व. २०८०।०८१ का लागि ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुवाट आफ्नो फर्मको नविकरण भएको प्रमाण-पत्र, पान दर्ता/मूल्य अभिबृद्धिकर दर्ता प्रमाण-पत्र तथा आर्थिक वर्ष २०७८/०७९ को कर चुक्ताको प्रमाणीत प्रतिलिपीहरु संलग्न गरी उक्त कार्य गर्न योग्य भएको स्वघोषणा पेश गरी निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको ३०(तीस) दिने बोलपत्र आव्हान गरिन्छ। बिस्तृत जानकारीका लागि ppmo's(https://www.bolpatra.gov.np/egp), यस कार्यालयको website(www.aanbookhairenimun.gov.np) अथवा सूचना पाटीमा हेर्न वा कार्यालय समय भित्र फोन नं. ०६५-५४००८२ मा सम्पर्क गरी राजश्व शाखामा जानकारी लिन सकिने छ।

| ठेक्का नं. | विवरण | न्यूनतम अङ्क अग्रिम आयकर र मु.अ.कर बाहेक | फारम दस्तुर (पछि फिर्ता नहुने) | धरौटी रकम | वोलपत्र खरिद गर्ने अवधि |
|---|---|---|---|---|---|
| AKRM/RAJASWO /२९/२०७९/०८० | आ.व २०८०।८१ को लागि आँबुखैरेनी गाउँपालिकाको क्षेत्र अधिकार भित्रको प्राकृतिक साधन तथा स्थानीय उत्पादित वस्तुहरु आफ्नो क्षेत्र अधिकार वाहिर लैजाँदा लाग्ने वातावरण शुल्क उठाउने कार्य | ६०,००,०००।०० (साठी लाख मात्र) | ३००० (तीन हजार) | कवोल अङ्कको ५% | प्रथम पटक सूचना प्रकाशन मितिको ३१ औं दिनसम्म |

**प्रमुख प्रशासकीय अधिकृत**
**आँबुखैरेनी गाउँपालिका**

## देवानगञ्ज गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
देवानगञ्ज, सुनसरी, कोशी प्रदेश, नेपाल

### देवानगञ्ज गाउँपालिकाको जनहितमा जारी सन्देश

- सडक छेउ किनारामा निर्माण सामग्रीहर नराखौं।
- घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौं।
- कर समयमै तिरौं।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं।
- बालश्रमको प्रयोग नगरौं।
- जेष्ठ नागरिकको सम्मान गरौं।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरूवा रोपौं।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं।
- जथाभावी फोहोर नगरौं। फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं।
- बालश्रमको प्रयोग नगरौं। नगरपालिकालाई बालश्रममुक्त नगर बनाऔं। सबै बालबालिकालाई विद्यालय पठाऔं।
- छोराछोरीमा भेदभाव नगरौं। दुबै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र शिक्ष दिक्षमा ध्यान दिऔं।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं। सभ्य नागरिकको भूमिका निर्वाह गरौं।
- बसोबास स्थल, टोलमा व्यवसायीहरूमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं। विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं।
- सार्वजनिक सम्पत्ति संरक्षणमा यस पालिकालाई सहयोग गरौं। सार्वजनिक स्थलमा जतातत्तै फोहोरमैला नफालौं।
- स्वस्थ रहन सरसफाईमा ध्यान दिऔं। आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं।
- शौचालयमा दिसा, पिसाव गरेपछि साबुन पानीले हात धुने बानी बसालौं, जसबाट महामारीका रूपमा आउने रोगबाट बचौं।

## दुहवी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
दुहवी, सुनसरी, कोशी प्रदेश, नेपाल

### दुहवी नगरपालिकाको जनहितमा जारी सन्देश

- हाम्रो टोल, बस्तीको सफाईले हाम्रो सभ्यताको परिचय दिन्छ। आफ्नो घर, टोल र सार्वजनिक क्षेत्र सदैव सफा राखौं।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं। सभ्य नागरिकको भूमिका निर्वाह गरौं।
- हरेक गर्भवतीले नजिकको स्वास्थ्य संस्थामा गई नियमित गर्भजाँच गरौं। २ वर्ष मुनीका बच्चाहरूलाई नजिकको स्वास्थ्य संस्थामा लगेर मासिकरूपमा नियमित तौल लिने गरौं। कम तौल र कुपोषण हुनबाट बचाऔं।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो। तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर नगरपालिकामा बुझाउने गरौं।
- जथाभावी फोहोर नगरौं। फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं।
- बालश्रमको प्रयोग नगरौं। नगरपालिकालाई बालश्रममुक्त नगर बनाऔं। सबै बालबालिकालाई विद्यालय पठाऔं।
- नगरपालिकाबासीको नाताले खुल्ला स्थानमा दिशा गर्नु लाजमर्दो काम हो। तसर्थ सबैले शौचालय निर्माण गरी प्रयोग गरौं।
- नगरपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं। तपाईले जति बढी चासो देखाउनु हुन्छ, नगरपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं। विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं।
- सार्वजनिक सम्पत्ति संरक्षणमा सहयोग गरौं। सार्वजनिक स्थलमा जतातत्तै फोहोरमैला नफालौं।
- स्वस्थ रहन सरसफाईमा ध्यान दिऔं। आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं।
- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरु अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं।



# 'निजी क्षेत्रले पनि बिजुली निर्यात गर्नसक्ने नीति निर्माण गर्न आवश्यक छ'

नेपालको जलविद्युत् क्षेत्रमा निजी क्षेत्रले आकर्षित भएर ठूलो लगानी गरेको छ । पछिल्लो अवस्थासम्म आइपुग्दा नेपालको कुल जलविद्युत उत्पादनमा निजी क्षेत्रले सरकारको तुलनामा ठूलो योगदान गरिरहेको छ । जलविद्युत् उत्पादनमा खटिएका निजी क्षेत्रका लगानीकर्ताहरु विद्युत् उत्पादनको आवश्यक प्रोजेक्ट निर्माण गरिसक्दा पनि नीतिअनुसार प्राधिकरणले खरिद नगरिदिँदा मर्कामा पर्दै गएको बताएका छन् । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को भारतमा भएको भ्रमणमा भएको विद्युत् निर्यातसम्बन्धी सम्झौताले निजी क्षेत्रका लगानीकर्ता उत्साहित भएका छन् । प्रस्तुत छ, नेपालको जलविद्युत् निजी क्षेत्रको पछिल्लो अवस्था र समसामयिक विषयमा स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था नेपाल (इप्पान) का अध्यक्ष **गणेश कार्की**सँग मध्यान्ह दैनिकका लागि **नारायण अर्याल**ले गरेको कुराकानीको सम्पादित अंश :

**निजी क्षेत्रका विद्युत् उत्पादकहरुले केही समय अगाडिसम्म पाँचसय मेगावाट भन्दा धेरै बिजुली खेर गइरहेको भनिरहेको अवस्था थियो, पछिल्लो समयमा कस्तो छ अवस्था ?**

उस्तै छ । पाँचसय मेगावाटका प्रोजेक्टहरुमध्ये कतिपय त ट्रान्समिट भएका छन् । जस्तै ५० मेगावाटको प्रोजेक्ट हुन्छ, त्यसमध्ये २० मेगावाट गएन, यस्तो खालको समस्या रहेको छ । वन तथा वातावरण र भूमिका नियमहरु सरल नबनाएसम्म यस्ता समस्याहरु समाधान नै हुने देखिँदैन ।

जस्तो ०७४ सालमा निर्माण गरेर सकिन पर्ने ट्रान्समिसन लाइन अहिलेसम्म आउँदा पनि सकिएको छैन । त्यसका लागि सबैभन्दा ठूलो वाधक वनजंगल नै बनेको अवस्था छ ।

**यो समस्या सरकारस्तरबाट भएका लगानी र निजीस्तरबाट लगानी भएका दुवै क्षेत्रमा देखिन्छ । नीतिगतरुपमा समस्या समाधान गर्न तपाईंहरुको उचित पहल नपुगेको हो ?**

पुगेन । प्रधानमन्त्री र एमाले अध्यक्ष केपी ओलीलाई भेट्यौं । भेटेर गुनासो राख्ने उहाँहरुलाई नै हो । स्वतन्त्र पार्टीको नेतृत्वलाई भेट्नको लागि पनि समय लिएका छौं । मिडियाले हाम्रो विषयलाई उठाइदिन आवश्यक देखिएको छ ।

विकासको वाधक के हो त ? कि त विकास चाहिएन भन्नुपर्‍यो । हामीलाई विकास चाहिएको नै हो भने कहिँ न कहिँ नीतिगत रुपमा सरलता त बनाउनु पर्छ । अझ ट्रान्समिसन लाइन सरकारले बनाउने हो । हामीले बनाउने प्रोजेक्ट बनाएका छौं, सरकारले आफूले बनाउने ट्रान्समिसन लाइन त बनाउनु पर्‍यो नी । सरकारले बनाउनुपर्ने काम नबनाएर जनता डुबाउने काम त गर्नुभएन नी ।

**के तीव्र गतिमा आवश्यक भौतिक पूर्वाधार निर्माण गर्न र निजी क्षेत्रद्वारा उत्पादित बिजुली खरिद गरेर व्यवसाय गर्ने क्षमता प्राधिकरणको पनि नपुगेको हो र ?**

विगतमा भएको लोडसेडिङको समस्या हटाएर प्राधिकरणले बिजुली बाल्ने अवस्था निर्माण गरेको छ । अबको अवस्थामा उद्योगहरु सञ्चालन हुनुपर्ने अवस्था छ । हामीले इन्डक्सन बाल्न थाल्नुपर्नेछ । त्यसका लागि विश्वास हुनुपर्‍यो । जसको लागि थुप्रै पूर्वाधारहरु परिवर्तन गर्नुपर्ने हुन्छ । प्राधिकरण त्यो दिशातर्फ जान सकिरहेको छैन । अब त्यतातर्फ जान जरुरी छ ।

अहिले तीन हजार मेगावाट कहाँ बेच्ने भनिरहेको अवस्था छ । यो बिजुली यहीँ अहिले नै खपत हुन्छ । वीरगञ्ज र भैरहवामा बिजुली चाहिएको छ तर, ट्रान्समिसन लाइन नै छैन । बनाउनै दिँदैनन् । राज्यले बनाउनु पर्‍यो नी ।

**यसमा प्राधिकरणको एक्लै क्षमता पुगेन कि अब निजी क्षेत्र पनि साझेदारको रुपमा अगाडि बढ्नको लागि दबाब दिनुपर्ने भएको हो ?**

हामीले प्रधानमन्त्री, मन्त्री सबैसँग भरिहेका छौं । अब निजी क्षेत्रलाई पनि काम गर्न दिनुस्, हामीले पनि बनाउनलाई कोसिस गर्छौं भनेर भनेका छौं । यदि निजी क्षेत्रले लगानी गर्दैनथ्यो भने यति बिजुली उत्पादन हुन सम्भव थिएन नी । निजी क्षेत्रले बनाउँदै गर्दा पनि सरकारले नीतिगत समस्याहरु फुकाइदिने काम गर्नुपर्छ ।

हामीले छिटो गर्छौं, सस्तोमा पनि बनाउँछौं भनेर भनेका छौं । पछिल्लो अवस्थामा सरकार अलिक बढी सकारात्मक होकी भन्ने पनि देखिएको छ ।

> मुख्य कुरा उत्पादन गर्दिने त हामीले हो । हामीले उत्पादन त गर्छौं, सँगसँगै नीतिगत सुधार, सुरक्षाको व्यवस्था र बैंकिङ क्षेत्रलाई लगानीमैत्री बनाउन आवश्यक छ । यी कुराहरु भएमा हामीले गर्छौं र सरकार पनि सकारात्मक भएको अवस्था छ ।

**प्रधानमन्त्रीको भारत भ्रमणपछि त्यहाँ भएका सम्झौताहरुलाई लिएर तपाईंहरुले पनि खुसी व्यक्त गर्नुभयो । भारत र बंगालादेशसम्म बिजुली निर्यात गर्ने विषयमा त्यसपछि के काम भइरहेको छ ?**

अन्तिम सम्झौता भएको छैन रे । यही हप्ता हुन्छ भन्ने हामीले सुनेका छौं । सम्झौता नहुनेबेलासम्म त भएको छैन भनेर बस्छन् हुने वित्तिकै १० वर्षमा १० हजार मेगावाट चाहिने हो भने नेपालमा पनि १० वर्षमा १० हजार मेगावाट चाहिने होला त्यो अनुसारको तयारीमा त लाग्नुपर्‍यो नी । त्यसको लागि आजैदेखि काम शुरु गर्नुपर्‍यो ।

यत्तिकै बसेर कहिले भारतले सहयोग गर्छ र अनि गर्ने भनेर बसेर त भएन नी । उहाँहरु तयारीमा त लाग्नु पर्‍यो नी ।

अहिले प्राधिकरणले एकठाउँमा ट्रान्समिसन लाइन बनाउन खोज्दै छ, त्यो बनाइहाल्न पर्छ । सरकारले बिजुली बेच्दा धेरै नै कार्यालयगत प्रकृया हुन्छ । निजी क्षेत्रले बिजुली बेच्ने हो भने धेरै झन्झट गर्न पर्दैन । दुवैतर्फका निजी क्षेत्रसँग कुराकानी गरेर सरल ढंगले काम गर्न सकिन्छ, तर सरकार-सरकारबीच त्यस्तो हुँदैन ।

बरु सरकारले यही देशभित्र कसरी १० हजार मेगावाट बिजुली खपत गर्ने भनेर काम गर्नुपर्छ । तीन हजार मेगावाट बिजुली काठमाडौंमा नै खपत हुन सम्भव छ । त्यसको लागि पूर्वाधार बनाउनु पर्‍यो । हामीले खाना पकाउँदा पकाउँदै बिजुली नजाने अवस्था निर्माण हुनुपर्‍यो, नत्रभने कसैले बिजुलीमा खाना पकाउँदैन ।

**हामीले सजिलोसँग बिजुली बेच्छौं भनेर निजी क्षेत्र अगाडि आउँदा त यो विषय सरकारको लागि झन सजिलो बनाउने विषय हो । आखिर कसले बुझिरहेको छैन यो विषय ?**

यो विषयमा हामीले धेरैपटक कुरा गर्‍यौं । विद्युत् प्राधिकरणले एकछत्र गर्न खोजेर होला, उनीहरुको भाग खोसिन्छ की भनेर होला । सरकार र प्राधिकरणले के बुझ्न पर्‍यो भने प्रतिस्पर्धा भयो भने दुवैको व्यापार बढ्छ । विद्युत् प्राधिकरण पनि प्रतिस्पर्धी हुन्छ र निजी क्षेत्रले पनि थप योगदान गर्न सक्छन् ।

निजी क्षेत्र भनेको राज्यलाई सघाउनको लागि हो । बिजुली खेर जानु भनेको त राज्यलाई नै घाटा हुने विषय हो नी । अहिलेको बजेटमा पनि निजी क्षेत्रलाई पनि बिजुली निकासी गर्न दिने भनेर नीतिगत व्यवस्था गरिएको छ, यसलाई कार्यान्वयन गरिहाल्नु पर्‍यो । निजी क्षेत्रलाई बिजुली निर्यात गर्न दिएको अवस्थामा पिपिए पनि उनीहरुले सिधै गर्नसक्ने अवस्था हुन्थ्यो । जसले गर्दा राज्यलाई नै फाइदा हुने हो ।

**अन्त्यमा, तपाईं नेतृत्वमा आइसकेपछि इप्पानले आफूलाई के-कस्तो कार्यक्रममा केन्द्रित गर्न खोजिरहेको छ ?**

हामीले जलविद्युत् क्षेत्रलाई लगानीमैत्री बनाउनुपर्ने छ । हामीले समस्याहरुलाई समाधानको लागि सबै मिलेर अगाडि बढ्नुपर्ने हुन्छ । यो कार्यकाल भनेको केही न केही गर्नैपर्ने खालको रहेको छ । अहिलेको समय अलिकति सुनौलो समय जस्तो पनि बनेको छ । भारत र बंगालादेशको पनि कुरा आएको र खपतको लक्ष्य पनि आएकोले सरकारको लक्ष्यलाई पनि सघाउनुपर्ने छ हामीले ।

मुख्य कुरा उत्पादन गर्दिने त हामीले हो । हामीले उत्पादन त गर्छौं, सँगसँगै नीतिगत सुधार, सुरक्षाको व्यवस्था र बैंकिङ क्षेत्रलाई लगानीमैत्री बनाउन आवश्यक छ । यी कुराहरु भएमा हामीले गर्छौं र सरकार पनि सकारात्मक भएको अवस्था छ । हामीले सरकार भन्दा बाहिर बसेकाहरुलाई पनि विकासको विरोध गर्ने होइन, तपाईंहरुले पनि बोल्दिनुपर्यो भनेर भनिरहेका छौं । सबै एकैठाउँमा भने नीतिगत सुधार गर्न गाह्रो विषय बन्दैन ।


## पूर्वाधार विकास कार्यालय
### विराटनगर, मोरङ

### पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

- सडकमा घरपालुवा चौपायाहरु बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-बायाँ रुख विरुवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादी निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकाको मापदण्डअनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्र्याक्टर, टिपर, ट्रकहरुले माटो बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ-बाँयामा क्षति हुनेकुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाईं हाम्रो साझा सम्पति हो त्यसैले संरक्षण गरौं ।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवास निर्माण गरौं ।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिस्चित गर्नु हो ।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधीकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुल, पुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिम रहित पुर्वाधार सेवा प्राप्ती नागरीक अधिकार ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।


## नेपाल एसबिआई बैंकको ३०औं वार्षिकोत्सव सम्पन्न



**काठमाडौं/मस** – नेपाल एसबीआई बैंकले शुक्रबार ३०औं वार्षिकोत्सव मनाएको छ । सो अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै प्रबन्ध निर्देशक तथा प्रमुख कार्यकारी अधिकृत दीपककुमार देले बैंकको उपलब्धिको बारेमा प्रकाश पारे ।

साथसाथै उनले बैंकको दिगो प्रगती कायम राख्न व्यक्तिगत जिम्मेवारी लिनुपर्नेमा पनि जोड दिए । त्यसैगरी बैंकका नायब प्रमुख कार्यकारी अधिकृत तथा प्रमुख वित्तीय अधिकृत मोहम्मद रिजवान आलमले बैंकको उपलब्धिमा योगदान पुर्‍याएकोमा सबै कर्मचारीलाई धन्यवाद दिँदै यसरी नै निरन्तरता दिन आग्रह गरे ।

प्रमुख संचालन अधिकृत यादवेन्द्र कांतले सबै सहभागीहरुलाई धन्यवाद ज्ञापन गरे । यसका साथै उक्त अवसरमा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत रक्तदान कार्यक्रम समेत गरिएको बैंकले जनाएको छ ।

## कुमारी बैंकले ल्यायो साना तथा मझौला उद्यमी कर्जा

**काठमाडौं/मस** - कुमारी बैंक लिमिटेडले ११.११ प्रतिशत ब्याजदरमा साना तथा मझौला उद्यमी कर्जा (एमएसएमई लोन) योजना ल्याएको छ । यस योजनाले देशको अर्थतन्त्रको मेरुदण्ड मानिने साना तथा मझौला उद्यमीहरूको व्यवसाय विकासमा महत्वपूर्ण योगदान पुर्‍याउने कुरामा बैंकले विश्वास लिएको छ ।

अहिलेको आर्थिक अवस्थामा न्यूनतम ब्याजमा बिना झन्झट सहज प्रक्रियाबाट पाउन सकिने यस कर्जाले उद्यमीहरुलाई प्रोत्साहन गर्नका साथै आर्थिक अवस्थालाई सुदृढ पार्न मद्दत गर्ने बैंकको भनाइ छ । यस योजनाले साना तथा मझौला उद्यमीहरूको व्यवसाय मार्फत बजारमा स्वदेशी उत्पादनको वृद्धि, स्वरोजगारमा प्रोत्सहानका साथै उत्पादन, रोजगारी, निर्यात वृद्धिमा पनि सहयोग पुग्ने बैंकको विश्वास रहेको छ ।

विगत २२ वर्ष देखि निरन्तर बैंकिङ सेवा दिँदै आएको कुमारी बैंकले आफ्ना देशभर रहेका ३०२ शाखा, ४९ एक्सटेन्सन काउन्टर, ३०८ एटीएम तथा ६३ शाखा रहित बैंकिङ ईकाई सहितका सञ्जालहरु मार्फत् आफ्ना ग्राहकवर्गलाई अत्याधुनिक तथा प्रभावकारी सेवाहरु प्रदान गर्दै आइरहेको छ र आगामी दिनहरुमा पनि अझ सरल, सुलभ तथा उत्कृष्ट सेवाका निमित्त सहकार्यहरु गर्दै जाने प्रतिबद्धता जनाएको छ ।


### विज्ञापन रकम भुक्तानीबारे अत्यन्त जरूरी सूचना

यस मध्यान्ह मिडिया प्रा.लि. मार्फत विभिन्न पत्रपत्रिकामा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएकाहरू मध्ये केही विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम अझै नबुझाउनु भएकोले यही **मिति २०८० असार मसान्त**भित्र भुक्तानी गर्नुहुन सूचित गरिन्छ । अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस मध्यान्ह मिडिया प्रा.लि.**को** रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको छुट सुविधासमेत उपलब्ध नगराइने तथा **रकम भुक्तानी नगर्ने केही कम्पनी/संस्था/व्यक्तिहरुको नाम सार्वजनिक** गरी रकम भुक्तानीका लागि कानूनबमोजिम कारबाही अगाडी बढाइने व्यहोरासमेत यसै सूचनामार्फत जानकारी गराइन्छ ।

लेखा शाखा
**मध्यान्ह मिडिया प्रा.लि.**
कमलपोखरी, काठमाडौं । फोन नं.: ०१-५३२८२९८, ५३२६३६६
Email: madhyanhadaily59@gmail.com
ad.madhyanha@gmail.com


प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः कमलपोखरी, काठमाडौं, फोनः ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः मदनकुमार श्रेष्ठ